## विशेष इजलास

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** रिट नं. ०६७-WS-००६७, उत्प्रेषणसमेत, *महेश्वर थापा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

मोही लागेको जग्गा बाँडफाँड गरी मोही लगत कट्टा गर्ने विषयलाई निवेदकले माग गरेजस्तो कुनै निश्चित् समय सीमाभित्र सीमित नगरी सदा खुल्लै राख्ने हो भने भूमिमाथिको द्वैध स्वामित्व अन्त्य गर्ने भन्ने भूमिसम्बन्धी ऐन, २०२१ को उद्देश्य कहिल्यै हासिल हुन नसक्ने स्पष्ट छ । यसबाट समेत मोही लागेको जग्गा बाँडफाँड गर्न निवेदन दिने तथा त्यस्ता निवेदनहरूको फछ्र्यौट गर्ने विषयमा समयसीमा निर्धारण गरेकै कारणबाट भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६घ१ र २६घ३ को कानूनी व्यवस्था अन्तरिम संविधानको धारा १९(१) द्वारा प्रदत्त सम्पत्तिको हकसँग बाझिएको नदेखिने ।

मोही लागेको जग्गा जग्गाधनी र मोहीबीच बाँडफाँड गरी भूमिमाथिको द्वैध स्वामित्व अन्त्य गर्ने सम्बन्धमा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६घ१ र २६घ३ मा निर्धारित समयसीमा कम वा अपर्याप्त रहेको छ भनी निवेदकले स्पष्टरूपमा दावी गर्न नसकेको भए पनि सरकारले उक्त दफाको म्यादभित्र जग्गा बाँडफाँड गर्ने कार्य सम्पन्न गर्न सकेको छैन भन्ने यथार्थ विपक्षीहरूकै लिखित जवाफबाट देखिन आएको छ । यसरी ऐनद्वारा निर्धारित समयसीमाभित्र जग्गा बाँडफाँड गरी मोही लगत कट्टा गर्ने कार्य सम्पन्न गर्न सरकार स्वयं असमर्थ भएको कारण ऐनका उक्त दफाहरूमा संशोधन गर्नका लागि भूमिसम्बन्धी (छैठौं संशोधन) विधेयक, २०६८ को मस्यौदा तयार गरी नेपाल सरकारको निर्णयका लागि मन्त्रिपरिषद्को बैठकमा पेश भैसकेको छ भन्ने तथ्यसमेत विपक्षीहरूको लिखित जवाफबाट देखिन आएको छ । यसरी कानूनबमोजिम सरकारले निश्चित् समयावधिभित्र सम्पन्न गर्नुपर्ने भनी तोकिएको कार्य सो समयावधिभित्र सम्पन्न गर्न नसकेको तथ्यबाट निवेदकले नउठाएको नै भए पनि यस अदालतले आफैं न्यायिक जानकारीमा लिई उक्त सरकारी असमर्थता र त्यससँग जोडिएको नागरिकहरूको हकको सवाललाई गम्भीरतापूर्वक विचार गर्नसक्ने नै हुन्छ । तर प्रस्तुत विवादमा सरकारी असमर्थताबाट नागरिकहरूको हकमा पर्नजाने प्रतिकूल प्रभावका सम्बन्धमा सरकारका जिम्मेवार मन्त्रालयहरू उदासीन रहेको भन्ने देखिन नआई भूमिसम्बन्धी ऐन, २०२१ मा आवश्यक संशोधन गरी जग्गा बाँडफाँड गर्ने समयसीमासम्बन्धी उक्त ऐनको अवस्थालाई उपयुक्त र व्यवहारिक तुल्याउन सरकारको जिम्मेवार निकायहरू प्रयत्नशील नै रहेको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: मातृकाप्रसाद आचार्य
कम्प्युटर: विकेश गुरागाई
संवत् २०६९ साल साउन ३२ गते रोज ५ शुभम् ।

## पूर्ण इजलास

**मा.न्या.श्री ताहिर अली अन्सारी, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तर्कराज भट्ट,** फौ.पु.नं. ०६८-CF-०००२, गैंडाको खाग बिक्री, *नेपाल सरकार वि. ओमबहादुर राना*

मुद्दा हेर्ने अधिकारी शाही चितवन राष्ट्रिय निकुञ्ज कार्यालयका प्रमुख संरक्षण अधिकृतसमक्ष बयान गर्ने क्रममा प्रतिवादी प्रेमबहादुर वि.क.ले २०५९ असोज महिनामा शिकारी भन्ने मनबहादुर वि.क.ले बेचिदिनु भनी मलाई दिएको गैंडाको खाग मैले ओमबहादुर रानामगरलाई दिएको हो । ओमबहादुर रानामगरले खाग बेचेको हो, मैले रू. १०,०००।- राखी अरू रकम मनबहादुर वि.क.लाई नै दिएको हो भनी बयान गरेको देखिन्छ । त्यस्तै प्रतिवादी ओमबहादुर रानामगरले बयान गर्दा प्रेमबहादुर वि.क.ले बेचिदिनु भनी मलाई दिएको गैंडाको खाग मैले चन्द्रकान्त पाण्डेले खोजिदिएको मानिसलाई रू. ८५,०००।- मा बेचेको हो, चन्द्रकान्त पाण्डेले रू. ५०००।-, मैले रू. ५०००।- राखी बाँकी रकम प्रेमबहादुर वि.क.लाई दिएको हो भनी बयान गरेको देखिन्छ । प्रतिवादीमध्येका चन्द्रकान्त पाण्डेले बयान गर्दा २०५९ साल असोज महिनामा

ओमबहादुर रानामगरले गैंडाको खाग किन्ने मानिस खोजी दिनुपर्‍यो भनेकोले मैले छिरिङ मनाङ्गेलाई खोजी दिएको हो । ओमबहादुर रानामगर र मसमेत भई खाग काठमाडौं ल्याई रू. ८५,०००।- निजलाई खाग बेचेको हो । बिक्री गरिदिएबापत ओमबहादुर रानामगरले मलाई रू. ५०००।- दिएको हो भनी बयान गरेको देखिँदा प्रतिवादीहरूले आरोपित कसूर गरेको कुरामा सावित भई एकअर्कालाई पोलसमेत गरी अनुसन्धान अधिकारी र मुद्दा हेर्ने अधिकारीसमक्ष बयान गरेको अवस्थामा निजहरूको सावितीलाई प्रमाणमा लिन इन्कार गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेको देखिन आएन । तसर्थ प्रत्यर्थी प्रतिवादी ओमबहादुर रानामगरलाई अभियोग माग दावीबाट सफाइ दिने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको फैसला उल्टी गरी निजले पटकपटक खाग बिक्री गरेको भन्नेसमेत देखिएको हुँदा निजलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १९(१) को कसूरमा ऐ. को दफा २६(१) बमोजिम पाँच वर्ष कैद र पचासहजार रूपैयाँ जरीवाना हुने ।

**मा.न्या.श्री ताहिर अली अन्सारीको फरक रायः**

मुद्दा हेर्ने अधिकारीसमक्ष प्रतिवादीहरूले गरेको भनिएको साविती बयान बाहेक निजहरू विरूद्धको आरोपित कसूर पुष्टि हुने अन्य कुनै स्वतन्त्र र वस्तुनिष्ठ प्रमाण वादी पक्षले पेश गर्न सकेको नदेखिँदा त्यस्तो कथित साविती र पोल मात्रको आधारमा प्रत्यर्थी प्रतिवादीले आरोपित कसूर गरेको ठहर्‍याई सजाय गर्न नमिल्ने भएकोले शुरू शाही चितवन राष्ट्रिय निकुञ्ज कार्यालयको निर्णय उल्टी गरी प्रत्यर्थी प्रतिवादी ओमबहादुर रानामगरले अभियोग मागदावीबाट सफाइ पाउने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६९ साल भदौ २८ गते रोज ५ शुभम् ।

- यसै लगाउको फौ.पु.नं. ०६८-CF-०००१, गैंडाको खाग बिक्री व्यवसाय, *नेपाल सरकार वि. ओमबहादुर राना समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६९-WH-००३१, बन्दीप्रत्यक्षीकरण, *सूर्यबहादुर के.सी. वि. कारागार कार्यालय, जगन्नाथ देवल समेत*

दण्ड सजायको ४१ नं. मा भएको कानूनी व्यवस्था तथा निवेदक दुखितलाल हाडी विरूद्ध झापा जिल्ला अदालतसमेत भएको बन्दीप्रत्यक्षीकरण रिटमा यस अदालत वृहद् पूर्ण इजलासबाट मिति २०४४।१२।१६ मा फैसला भई *नेकाप* २०४५, नि.नं. ३४१३, पृष्ठ ३११ मा प्रतिपादित सिद्धान्तअनुसार एकै मितिमा एकभन्दा बढी मुद्दामा कैदको सजाय ठेक्नुपर्ने भयो भने सबैभन्दा ठूलो हदको कैदमा अरू कैदको सजाय गाभिन जाने र धेरै कलमको कैद बराबर हुन आएकोमा कुनै एक कलमको कैद गर्नुपर्ने, त्यस्तै अघि ठेकिएको जम्मा कैदभन्दा पछि ठेक्नुपर्ने कलमको हद बढी छ भने अघि कैद ठेक्दा थुनामा परेको मितिदेखि पछि ठेकिएको कलमको हद ननाघ्ने गरी कैद ठेक्नुपर्छ भन्ने प्रतिपादित नजीरअनुसार प्रस्तुत विवादमा निवेदकलाई विभिन्न मितिको फैसलाअनुसार लागेको कैदमध्ये ललितपुर जिल्ला अदालतको स.फौ. नं. १०१ को लागू औषध मुद्दामा भएको कैद सबैभन्दा ठूलो भएकोले सो कैदमा अरू मुद्दामा भएको सानो कलमको कैद स्वतः गाभिन जाने ।

कैद म्याद ठेक्दा थुनामा बसेको मिति २०६४।२।२४ देखि कैद गणना हुने गरी पछि भएको कलमको सबैभन्दा ठूलो हदको कैदको अवधिसम्ममा ननाघ्ने गरी अर्थात् मिति २०६८।८।२३ सम्म थुनामा राख्ने गरी कैद म्याद ठेक्नुपर्नेमा सोकोविपरीत मिति २०७०।२।३० सम्म कैद म्याद ठेकिएको देखिँदा मिति २०६८।८।२३ पश्चात् बसेको निवेदकको थुनालाई कानूनसम्मत् मान्न नमिल्ने ।

निवेदकलाई लागेको कैदबापत निज मिति २०६४।२।२४ देखि २०६८।८।२३ सम्म थुनामा बस्नुपर्ने भई मिति २०६८।८।२४ देखि थुनाबाट

छुटी जाने देखिएकोमा थुनामा बसेको बढी अवधिलाई निवेदकलाई लागेको जरीवानाबापतको रकम कट्टा गरी बाँकी जरीवानाको रकम दाखिला गरे निज छुटी जाने भन्नेमा विवाद नदेखिँदा सोकोविपरीत निवेदकलाई मिति २०७०।२।३० सम्म थुनामा बस्नुपर्ने गरी कैद म्याद ठेकिएको ललितपुर जिल्ला अदालतको कामकारवाही कानूनविपरीतको देखिन आयो । निवेदक ललितपुर जिल्ला अदालतको फैसलाअनुसार मिति २०६४।२।२४ देखि २०६८।८।२३ सम्म कैदमा बस्नुपर्ने भएकोले काठमाडौं जिल्ला अदालतबाट निजलाई ठेकिएको कैद पनि सोही अवधिभित्र पर्ने देखिँदा त्यसले खास तात्विक असर पर्ने नदेखिँदा निवेदकउपर चलेका उपरोक्त मुद्दाहरूमा भएका फैसलाहरूमध्ये लालितपुर जिल्ला अदालतमा चलेको स.फौ.नं. १०१ को लागू औषध मुद्दामा भएको कैदको सजाय सबैभन्दा ठूलो हदको देखिएको र निज निवेदक मिति २०६४।२।२४ देखि हालसम्म निरन्तर रूपमा थुनामा नै बसेको देखिँदा सोही मितिबाट गणना हुने गरी निजलाई लागेको सबैभन्दा ठूलो हदको कैदबापत निवेदकले जम्मा ४ वर्ष ६ महिना कैदमा बस्नुपर्ने देखिँदा सो कैद मिति २०६८।८।२३ मा नै भुक्तानसमेत भैसकेको अवस्था हुँदा मिति २०६८।८।२४ देखि हालसम्म थुनामा बसेको अवधिलाई निजले सबै मुद्दामा भएको जरीवानाबापत बुझाउनु पर्ने कुल रू. ८,५०,०००।- (आठ लाख पचास हजार) बाट कानूनबमोजिम कट्टा गरी बाँकी जरीवानासमेत दाखिल गरे प्रस्तुत मुद्दाहरूमा बाहेक अन्य मुद्दामा निजलाई थुनामा राख्नु नपर्ने भए निवेदकलाई आजै थुनाबाट छाडिदिनु भनी विपक्षीको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिरत्न महर्जन

इति संवत् २०६९ साल माघ २४ गते रोज ४ शुभम् ।

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** दे.पु.नं. ०६४-CI-०७८६, लिखत दर्ता बदर दर्ता कायम, *धनपति अधिकारी समेत वि. शिवकुमारी थापामगर*

भूमि प्रशासन कार्यालय र सर्वोच्च अदालतको फैसलाबाट मूल दाता तीर्थबहादुर थापा र लोकनाथ उपाध्यायको हक नै स्थापित नभएको जग्गा अनाधिकार र गैरकानूनी रूपमा अन्य व्यक्तिलाई हस्तान्तरण गरेको अवस्थामा त्यसपछि भएका तहतहका लिखतले कानूनी मान्यता प्राप्त गर्दछ भन्न नमिल्ने हुँदा अन्य प्रतिवादीहरूका मूल दाता तीर्थबहादुर थापा र लोकनाथ उपाध्यायको हकको स्रोत नै दूषित भएपछि निजहरूले हक हस्तान्तरण गरेको कारणबाट त्यस्तो जग्गामा स्वामित्व प्राप्त गर्ने अन्य व्यक्तिको हक कानूनी हुन सक्दैन । स्रोत दूषित भएपछि सो जग्गा अन्यत्र हस्तान्तरण भई कित्ताफोड गरी खण्डित भएको जग्गाको हैसियत पनि मूल जग्गा सरह दूषित हुने ।

अनधिकृत र गैरकानूनी रूपमा हासिल गरेको प्रमाणलाई अदालतले मान्यता प्रदान गर्दैन । यदि अधिकारको मूल स्रोत नै दूषित छ भने त्यसको परिणामस्वरूप प्राप्त हक कानूनी हुन सक्दैन । यस प्रकारको दूषित र गैरकानूनी स्रोतबाट प्राप्त गरेको हक र स्वामित्व तहतह हस्तान्तरण हुँदा पछिल्ला व्यवहार चाहिँ कानूनी हुन्छ भनी स्वीकार गर्नु विष वृक्षको फलसम्बन्धी सिद्धान्त (Fruit of Poisonous Tree Doctrine) विपरीत हुन जान्छ । यसो गर्नु भनेको विषालु वृक्षबाट पोषिलो फल प्राप्त हुन्छ भन्नु सरह हो । यदि दावीको मूल स्रोत नै दूषित छ भने त्यसपछिका सम्पूर्ण कामकारवाही स्वतः दूषित हुन्छन् । तसर्थ मूल दाताको हकको स्रोत नै दूषित देखिएको अवस्थामा निजहरूले बीचबीचमा जो जसका नाममा हक हस्तान्तरण गरी त्यसपछि अन्य व्यक्तिहरूले जो जसका नाममा हक हस्तान्तरण गरेका भए पनि ती सबै लिखत र दर्ता स्वतः बदर हुन्छन् । परस्पर अन्योन्याश्रित क्रियाहरूको कानूनी रूपमा परीक्षण एकसाथ गर्न सकिन्छ । यसलाई अलगअलग विषय मान्नु न्यायोचित नहुने ।

मूल क्रियाबाट निःसृत हुने अन्य सहक्रियाको परिणाम र विषय अ.बं. ७२ नं. बमोजिमको परिप्रेक्ष्यमा अलग विषय होइन । मूल क्रियाको कानूनी वैधताको परिक्षणमा सोसम्बन्धी अन्य सहक्रियाको अस्तित्व आश्रित रहन्छ भने यस्तो

अवस्थामा जतिसुकै क्रियाहरूको विरूद्धमा पनि एउटै फिराद दायर भई इन्साफ हुन सक्छ भनी दुनाई यादव समेत विरुद्ध जगदिश मण्डल धानुक (*नेकाप* २०६६, नि.नं. ८२०१) भएको मुद्दामा यस अदालतबाट सिद्धान्त प्रतिपादन भएको समेत देखिएकोले हरेक हक हस्तान्तरणको लिखत बदरका लागि छुट्टाछुट्टै फिराद नदिएकोले वादीको फिराद अ.बं. ७२ नं. विपरीत छ भन्न नसकिने हुँदा साविक कि.नं. २ र ३ को जग्गामध्ये पूर्वतर्फ ज.वि. ६-०-० जग्गामा वादीको हक भएको देखिँदा हक नै समाप्त भइसकेका तीर्थबहादुर थापा क्षेत्री र लोकनाथ भट्टराईबाट हक हस्तान्तरण गरी प्रत्यर्थी प्रतिवादीहरूले प्राप्त गरेको जग्गाको हकमा प्रतिवादीहरूको लिखत र दर्ता बदर गरी पूर्वतर्फबाट ज.वि. ६-०-० जग्गा वादीको नाममा दर्ता भई चलन समेत पाउने ।

इजलास अधिकृतः कृष्णमुरारी शिवाकोटी

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६९ साल असोज २ गते रोज ३ शुभम् ।

३

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-CR-०६०८, ०७१८, कर्तव्य ज्यान, *विष्णुकुमारी तामाङ वि. नेपाल सरकार, नेपाल सरकार वि. मीना तामाङ*

आफूले गर्न लागेको आपराधिक कार्यको परिणामलाई पूर्वानुमान गरी काठको चिरपटले मृतकको टाउकोमा अनेकौं पटक प्रहार गरेको कारणबाट मृतक हर्कधन तामाङको मृत्यु भएको अवस्था देखिँदा प्रतिवादी विष्णुकुमारी तामाङको हकमा ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिमकै सजाय आकर्षित हुने देखिन्छ । तसर्थ शुरूले आवेशप्रेरित हत्या ठहर गरी निज पुनरावेदक प्रतिवादी विष्णुकुमारी तामाङलाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम सजाय गरेकोलाई केही उल्टी गरी ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वहित जन्मकैदको सजाय हुने ।

आफ्नो पतिको सदाको व्यवहारबाट आजित भई प्रतिवादीले चोट छोडेको अवस्था र वारदात हुँदाको परिस्थिति समेतलाई विचार गर्दा पनि प्रस्तुत वारदात घट्नुमा मृतकको आचरण एवं निजले प्रतिवादीउपर गरेको सदाको डरत्रासयुक्त व्यवहार नै मुख्य कारण देखिन्छ । आफ्नो पतिको यस्तो आचरण र व्यवहारबाट पीडित भई बसेकी यी प्रतिवादी विष्णुकुमारी तामाङले आफ्नै संरक्षक पतिको मृत्यु हुने गरी कुटपीट गर्नुपर्ने परिस्थिति पनि मृतककै कारणबाट उब्जिएको देखिन्छ । यी सबै परिस्थितिहरू समेतलाई विचार गर्दा ठहरेबमोजिमको सजाय गर्नु न्यायको रोहमा ज्यादा कठोर एवं चर्को हुन जाने र कम सजाय गर्दा नै यी प्रतिवादीउपर हुने सजायको उद्देश्य समेत पूर्ण हुने हुँदा अ.बं. १८८ नं. बमोजिम निज प्रतिवादीलाई कैद वर्ष १० (दश) मात्र हुने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६९ साल असोज २४ गते रोज ४ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** २०६४-WO-०१२०, उत्प्रेषण, परमादेश, *सामुदायिक सेवा समिति गौर, रौतहटको हकमा सो समितिका अध्यक्ष शान्तिप्रसाद सुवेदी वि. भूमिसुधार कार्यालय, रौतहट, गौर समेत*

मुद्दामा हक बेहकका विषयमा न्यायिक निरोपण रिट क्षेत्रबाट गर्न मिल्ने हुँदैन । यस अदालतबाट दर्ता बदर एवं हक बेहकको विवाद सिर्जना भएको स्थितिमा प्रमाणहरूको मूल्याङ्कन गरी निर्णय गर्ने साधारण अधिकारक्षेत्रको उपचार मार्गलाई प्रतिकूल प्रभाव पर्ने गरी असाधारण अधिकारक्षेत्र ग्रहण गर्न मिल्ने अवस्था नदेखिने भनी निवेदक रुद्र राउत वि. श्री ५ को सरकार वन तथा भू-संरक्षण मन्त्रालय, वन विभाग *नेकाप* २०५१, नि.नं. ५०११, मुद्दा समेतका विभिन्न मुद्दाहरूमा सिद्धान्त प्रतिपादन भई अदालतबाट अभ्यास एवं अनुशरण भैरहेको देखिन आउँछ । प्रस्तुत विवादको सम्बन्धमा निवेदकले दावी लिएको कि.नं. ३०९ को जग्गा विपक्षी दुर्गाप्रसाद यादवको नाउँमा दर्ता

कायम भएको अवस्थामा रिटको माध्यमबाट प्रमाणको मूल्याङ्कन गरी उक्त जग्गाको दर्ता कारवाही समेत बदर हुने नहुने सम्बन्धमा रिट क्षेत्राधिकारबाट न्यायिक निरूपण गर्न नमिल्ने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मञ्जिता ढुङ्गाना

इति संवत् २०६९ साल मंसिर १० गते रोज १ शुभम् ।

- यसै प्रकृतिको २०६४-CI-००६०, निषेधाज्ञा, *बजरंगीप्रसाद नेपाली समेत वि. दुर्गाप्रसाद यादव* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** ०६५-WO-०९०८, उत्प्रेषण समेत, *महफुज हसन खाँ वि. महमुद हसन खाँ समेत*

निवेदकले कपिलवस्तु जिल्ला अदालतको विपक्षी महमुद हसन खाँबाट अन्तिम फैसलाबमोजिम लेनदेनबापत रू. ५,००,०००।- र सोको साँवा ब्याज, कोर्टफी समेत भरी पाउने सम्बन्धमा विवाद नभएको, निज घरको मुख्य भई व्यवहार गर्ने व्यक्तिले लिएको ऋणमा लेनदेन व्यवहारको महलको ८ नं., दण्ड सजायको महलको २६ नं., अंशबण्डाको महलको १८ नं. तथा यस अदालतबाट प्रतिपादित सिद्धान्तअनुसार सगोलको सम्पत्तिबाट भरिभराउ गर्न सकिने व्यवस्था भएकोले सो लेनदेन सम्बन्धमा अदालतबाट अन्तिम भएको फैसलाबमोजिम बिगो भरिभराउको निवेदन परिसकेपछि अंश मुद्दामा फिराद परेको कारणले लेनदेन सम्बन्धमा भरिभराउको लागि दर्ता भएको निवेदनअनुसार भैरहेको कारवाही रोक्न नमिल्नेमा दे.नं. ५१४ को अंश मुद्दाको रोहबाट वि. दा.नं. २६१/१०७ को बिगो भरिभराउको कारवाही रोक्का राख्ने गरी जिल्ला अदालतबाट मिति २०६५।३।३१ मा भएको आदेश र उक्त आदेशलाई सदर गर्ने गरी पुनरावेदन अदालत, बुटवलबाट मिति २०६६।१।३ मा भएको आदेश कानूनअनुरूप नभएकोले निवेदकको मागबमोजिम उत्प्रेषणको आदेश जारी हुने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६९ साल मंसिर १८ गते रोज २ शुभम् ।

- यसै प्रकृतिको ०६५-WO-०९०७, उत्प्रेषण परमादेश समेत, *महफुज खाँ वि. महमुद हसन खाँ समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७-CI-१६१०, आफ्नो भाग छुट्ट्याई दा.खा. गरी लालपूर्जा लिन पाऊँ, *गंगादेवी शर्मा वि. दुर्गादेवी पाध्यानी समेत*

वादीले शेषपछिको बकसपत्रको लिखतबाट मूल कित्ता २२५ बाट कतातर्फ प्राप्त गरेको हो भन्ने कुरा लिखतमा नखुलाई प्राप्त भएको भन्ने सम्बन्धमा विवाद देखिएन । वादीले मुख्य रूपमा मिति २०५४।१२।२५ को र.नं. २५५९ को लिखतबाट विपक्षी लक्ष्मीदेवीलाई गरिएको लिखतमा पूर्व उत्तर उल्लेख भएको र ससुराले मलाई शेषपछिको बकस दिँदा लक्ष्मीदेवीको दक्षिणतर्फ तिम्रो हो भन्नु भएबाट पूर्व दक्षिणतर्फ म पुनरावेदकको हुने हो भन्ने मुख्य रूपमा पुनरावेदनमा जिकीर लिएको देखियो । तर मिसिल संलग्न विपक्षी लक्ष्मीदेवीलाई गरिदिएको मिति २०५४।१२।२५ को लिखतको छायाँ प्रति हेर्दा वादीले पुनरावेदनमा जिकीर गरे जस्तो "पूर्व उत्तर" उल्लेख भएको नभई "पूर्व" उल्लेख भएको देखिन्छ । उक्त मूल कित्ता २२५ नं. को पश्चिमतर्फ मिति २०५४।१२।२५ मा र.नं. २५५८ बाट प्रतिवादी उमादेवी पाध्यानीले ०-४-०-० जग्गा बकस प्राप्त गरेको कुरा विवादरहित रहेकोले वादीका ससुरा नरिश्वर तथा सासू पवित्राले निजहरूको हक भोगमा रहेको कि.नं. २२५ को जग्गा मध्येबाट वादीलाई शेषपछिको बकस गरिदिनु पूर्व पूर्वतर्फबाट लक्ष्मीदेवीलाई र पश्चिमतर्फबाट उमादेवीलाई चार/चार आना जग्गा शेषपछिको बकसपत्र पारीत गरिदिएको र सोपश्चात् वादीलाई सोही मूल कित्ता २२५ बाट ०-४-०-० जग्गातर्फ नखुलाई बकसपत्रको लिखत गरिदिएको मिसिल संलग्न प्रमाणबाट देखिँदा वादीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६९ साल कात्तिक २२ गते रोज ४ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** ०६५-WO-०२४८, उत्प्रेषण, *विजयमणि आचार्य दीक्षित वि. जिल्ला प्रहरी कार्यालय, वीरगञ्ज पर्सा समेत*

निवेदकले आफ्नो नाम दर्ताका जग्गाको विषयलाई लिएर जिल्ला प्रहरी कार्यालय, पर्साले जवर्जस्ती मिति २०६५।७।१० का कागज गराएको भनी सो कागजलाई उत्प्रेषणको आदेशद्वारा बदर गरी माग्न प्रस्तुत रिट निवेदन दिएको देखिन्छ । तर, जिल्ला प्रहरी कार्यालय, पर्साले उक्त मिति समयमा निवेदकलाई कुनै कागज गराएको अभिलेखबाट नदेखिएको भनी लिखित जवाफ दिएको पाइन्छ । एउटा साधिकार निकायबाट दिएको सो लिखितजवाफलाई विश्वास गर्नु नपर्ने कुनै आधार एवं कारण पनि देखिँदैन । यसबाट निवेदन दावीको लिखतको अस्तित्व नै देखिएको छैन । यदि कुनै निकायले आफ्नो क्षेत्राधिकारभन्दा बाहिर गई कुनै कार्य गरेको रहेछ भने पनि अ.बं. ३५ नं. ले स्वतः बदर हुने हुँदा अस्तित्व नै नरहेको कागज वा लिखतलाई बदर गरिरहन नपर्ने ।

इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६९ साल पुस ९ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-AP-०१८५, अदालतको अपहेलना, *गणेश राई वि. आनन्दराज पोखरेल समेत*

मिति २०६७।८।२८ मा जारी भएको अन्तरिम आदेशको व्यहोरा विभिन्न पत्रपत्रिकामा समाचार प्रकाशित भएको हुँदा विपक्षीहरूलाई थाहा जानकारी हुँदाहुँदै अदालतको आदेशविपरीत आफूलाई विभागीय सजाय गरिएको भनी निवेदन दावी लिएको भए पनि पत्रपत्रिकामा प्रकाशित समाचारकै आधारमा विपक्षीहरूले थाहा जानकारी पाएको भनी निरपेक्ष रूपमा अनुमान गरी अदालतको अपहेलना जस्तो कसूरमा विपक्षीहरूलाई सजाय गर्नु न्यायोचित् नहुने ।

त्यसैगरी विपक्षीहरूले अदालतबाट भएको आदेशको इमानदारीपूर्वक कार्यान्वयन गर्दै आइरहेको र भविष्यमा पनि सोहीबमोजिमको दायित्व निर्वाह गर्ने प्रतिवद्धता लिखित जवाफमार्फत् व्यक्त गरिरहेको अवस्थामा बिना आधार प्रमाण निजहरूले अदालतको आदेशको अपहलेना गरे होलान् भनी मान्न मिल्ने नदेखिने ।

इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६९ साल मंसिर १२ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-WO-०५७३, उत्प्रेषणयुक्त परमादेश, *गणेश राई वि. आनन्दराज पोखरेल समेत*

निजामती सेवा नियमावली, २०५० को नियम ७८ को उपनियम (२) मा “निजामती कर्मचारीको कार्यसम्पादनको मूल्याङ्कनको लागि मूल्याङ्कन गरिने कर्मचारीभन्दा कम्तीमा एक श्रेणीमाथिको सम्बन्धित कर्मचारीको सुपरीवेक्षक हुनेछ र सुपरीवेक्षक भन्दा एक श्रेणीमाथिको सम्बन्धित कर्मचारी पुनरावलोकनकर्ता हुनेछ” भन्ने कानूनी व्यवस्था गरेको पाइन्छ । तर सोही उपनियमको प्रतिवन्धात्मक वाक्यांशको खण्ड (ग) मा “कुनै राजपत्राङ्कित कर्मचारीको सुपरीवेक्षक राजपत्राङ्कित विशिष्ट श्रेणीको कर्मचारी भएमा निजले नै पुनरावलोकनकर्ता समेत भई काम गर्नेछ” भनी व्यवस्था गरेको छ । यी निवेदक भन्दा एक श्रेणी माथिको राजपत्राङ्कित विशिष्ट श्रेणीका कर्मचारी विपक्षी आनन्दराज पोखरेल रहेको हुँदा निज प्रचलित कानूनअनुसार आ.व. २०६६।०६७ का लागि निवेदकको सुपरीवेक्षक र पुनरावलोकनकर्ता हुनसक्ने भएकोले निजले सो हैसियतले निवेदकको कार्यसम्पादन मूल्याङ्कन गर्न पाउन सक्ने नै देखिने ।

त्यसमा पनि निजामती सेवा ऐन, २०४९ को दफा २४क को उपदफा (६घ) अनुसार सुपरीवेक्षक र पुनरावलोकनकर्ताले गरेको मूल्याङ्कन कुनै कर्मचारीलाई चित्त नबुझेमा सोको ठोस आधार

र कारणसहित सात दिनभित्र तोकिएबमोजिमको अधिकारीसमक्ष उजूरी गर्नसक्ने कानूनी व्यवस्था देखिँदा तोकिएका अधिकारीद्वारा कानूनबमोजिमको कार्यविधि र प्रक्रिया पुऱ्याई गरिएको कामकारवाहीबाट निवेदकको संवैधानिक एवं कानूनी हकमा आघात पर्न गएको भनी मान्न नमिल्ने भएकोले निवेदकको मागबमोजिमको आदेश जारी गरिरहन नपर्ने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६९ साल मंसिर १२ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-WO-०५३६, उत्प्रेषणयुक्त परमादेश, *गणेश राई वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकलाई सजाय गर्ने नेपाल सरकारको निर्णयउपर निजामती सेवा ऐन, २०४९ को दफा ६९ अनुसार प्रशासकीय अदालतमा पुनरावेदन लाग्न सक्ने वैकल्पिक उपचारको मार्ग कानूनले गरेको र सोहीअनुसार प्रशासकीय अदालतमा निवेदकले पुनरावेदन समेत गरिसकेको अवस्था भएबाट यस विवादको निरूपण सम्बन्धित निकायबाट हुने नै हुन्छ । तसर्थ यी निवेदकलाई निजामती सेवा ऐन, २०४९ को दफा ५९ (क)(२) अनुसार नेपाल सरकार (सचिवस्तर) बाट भएको विभागीय सजायका सम्बन्धमा यस अदालतले आफ्नो असाधारण अधिकारक्षेत्र प्रयोग गरी प्रस्तुत रिटको माध्यमद्वारा विवादको निरूपण गर्न नमिल्ने हुँदा उक्त विभागीय सजाय उत्प्रेषणको आदेशद्वारा बदर गरिपाऊँ भन्ने निवेदकको माग दावी पुग्न नसक्ने ।

काठमाडौं महानगरपालिकाबाट लोक सेवा आयोगमा सरूवा गर्ने विपक्षीहरूको प्रस्ताव बदर गरिपाऊँ भनी निवेदकले निवेदनमा दावी लिएको भए पनि निवेदक नेपाल सरकार निजामती सेवाअन्तर्गतको प्रशासन समूहको प्रथम श्रेणी सहसचिव पदमा बहाल रहेका कर्मचारी भएकोले निजामती सेवा ऐन, २०४९ को दफा १८(३) अनुसार राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारीलाई अवधि तोकी सरूवा गर्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था नदेखिने ।

कुनै पनि निजामती कर्मचारीलाई कानूनको प्रक्रिया पुऱ्याई उही वर्गीकृत क्षेत्रको एक कार्यालयबाट अर्को कार्यालयमा सरूवा गर्दैमा निजको संवैधानिक एवं कानूनी हक हनन् हुन जाने भन्न नमिल्ने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६९ साल मंसिर १२ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको ०६८-WO-०४०६, उत्प्रेषणयुक्त परमादेश, *गणेश राई वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

५

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** ०६५-CI-०१६८, मिलापत्र बदर अंश नामसारी, *निराकार बजिमय समेत वि. सरोजनी बजिमय समेत*

अदालतमा दायर भएको कुनै मुद्दामा मुद्दाका पक्षले मिलापत्र गर्न चाहन्छन् भने मुद्दाका दुबै पक्षलाई मिलापत्रको व्यहोरा पढी बाँची सुनाई त्यसको मतलव र परिणाम समेत सम्झाउँदा बुझाउँदा समेत मिलापत्र गर्न मञ्जूर भएमा मात्र मिलापत्र हुन सक्छ । मुलुकी ऐन, अ.बं. ८६ नं. मा वर्णित अन्तरवस्तु प्रकट रूपमा नदेखिएसम्म अदालतबाट भएको फैसला अन्तिम भै बस्दछ र बस्नु पनि पर्दछ । कानूनबमोजिम भएको मिलापत्र अन्यथा भई बदर नभएसम्म त्यसले मुद्दाको निश्चित अन्त्यको प्रवन्ध गर्छ । अदालतबाट भएको मिलापत्र मिलापत्रकर्ताको वंशज वा नातेदारको मागबमोजिम बदर गर्दै जाने हो भने फैसला अन्तिमता (Finality of decision) को सिद्धान्तविपरीत हुन गई समग्र न्याय व्यवस्थाको स्थायित्वमा बाधा पुग्न जाने ।

मिलापत्र भनेकै मुद्दाका पक्षहरूको ईच्छा र सहमतिको परिणामको दस्तावेज हो । मुद्दाका पक्षहरूका सबै आन्तरिक ईच्छा र चाहना मिलापत्रमा प्रकट हुन सक्दैनन् । मिलापत्रमा उल्लिखित शर्तहरू मुद्दाका पक्षहरूको मञ्जूरी र सहमतिअनुरूप नै निर्धारण हुने

गर्दछन् । ती शर्तहरूमा मुद्दाका पक्षहरू बाहेक अरू व्यक्तिको मञ्जूरीको जरूरत पनि पर्दैन । सम्बन्धित पक्षको मञ्जूरीले पाउनु पर्ने सम्पत्तिभन्दा घटिबढी हुने गरी मिलापत्र गर्ने भनी सो मिलापत्रको शर्तमा उल्लिखित गर्न सकिने हुनाले सम्पत्ति घटिबढी भएको भन्ने कारणबाट मात्रै मिलापत्र बदरको आधार हुन नसक्ने ।

आफूमाथि आस्रित परिवार पुनरावेदक बाहेक अरू कोही पनि नभएको स्थितिमा पुनरावेदकका पति पिता सञ्जय बजिमयले पुनरावेदकहरूको अंश हक मार्ने उद्देश्य र दुराशययुक्त भावनाले निजहरूलाई प्रतिकूल असर पर्ने गरी मिलापत्र गरे होलान् भनी भन्न नसकिने र सो गर्नुपर्ने र कारण समेत पुनरावेदक वादीहरूले उल्लेख गरी आफ्नो दावी खम्बिर गराउन सकेको नदेखिएकोले दे.नं. १४३५ को मुद्दामा यी निर्मला बजिमय समेतका पति पिता तथा सरोजनी बजिमय समेतका बीचमा मिति २०६०।३।१० मा भएको मिलापत्र बदर गर्न नमिल्ने ।

इजलास अधिकृतः बासुदेव पौडेल
कम्प्युटरः कल्पना बर्तौला
इति संवत् २०६९ साल पुस ३ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०६५-CI-०१६९, अंश बुझेको भरपाई लिखत बदर, *संस्कार बजिमय समेत वि. सरोजनी बजिमय समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

६

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** ०६५-CI-०१७५, अंश बुझेको भरपाई लिखत दर्ता बदर गरिपाऊँ, *सञ्जय बजिमय वि. मु.स. गरी आफ्नो हकमा समेत सरोजनी बजिमय*

छुट्टी भिन्न भैसकेका अंशियारले आफ्नो नाउँमा रहेको सम्पत्ति कानूनको परिधिभित्र रही अरू व्यक्तिलाई लिखत पारीत गरिदिन कानूनतः नमिल्ने हुँदैन । यस्तोमा छुट्टिएका अंशियारले दावी गर्न नमिल्ने ।

वादीको भागमा कि.नं. १२०४ समेतका जग्गा र व्यापारिक फर्म समेत परेको देखिएको, पक्षहरूको सहमतिमा अंशमा घटिबढी गरी मिलापत्र गर्न सक्ने नै देखिएको, उक्त मिलापत्र बदर गरिपाउन स्वयं वादीले दायर गरेको मिलापत्र बदर मुद्दामा वादी दावी खारेज हुने ठहरी भएको फैसला अन्तिम भै बसेको देखिएको, निर्मला बजिमय समेतको अंश हक मार्ने नियतबाट मिलापत्र भएको नदेखिएको, मूल अंशियाराका आश्रित परिवारको तर्फबाट फिराद दायर भएको देखिएको, मिलापत्र बदर हुनुपर्ने आधार र कारण नदेखिएको भन्ने समेतका आधार बुँदाबाट समेत यी पुनरावेदक र विपक्षी सरोजनी समेतका बीचमा मिति २०६०।३।१० मा अंश लिनु दिनु गरी भएको मिलापत्र सदर कायम रहेको स्थितिमा उक्त मिलापत्रपश्चात् छुट्टी भिन्न भएको अंशियारले लिखत पारीत गरिदिन पाउने ।

इजलास अधिकृतः बासुदेव पौडेल
कम्प्युटरः कल्पना बर्तौला
इति संवत् २०६९ साल पुस ३ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** ०६५-WO-०८८३, उत्प्रेषणमिश्रित परमादेश, *राष्ट्रिय वाणिज्य बैंकको तर्फबाट अख्तियारप्राप्त माधवराज पन्त वि. ऋण असूली पुनरावेदन न्यायाधिकरण, अनामनगर, काठमाडौं समेत*

अदालतले आफ्नो हक अधिकारप्रति सचेत र जागरूक व्यक्तिलाई मात्र सहयोग गर्न सक्ने हुन्छ । आफ्नो हक अधिकारप्रति उदासीन र निष्क्रिय व्यक्तिलाई कानूनले मद्दत गर्न नसक्ने हुँदा विलम्ब गरी रिट दायर गर्नुको कुनै औचित्य र वस्तुनिष्ठ कारण निवेदकले उल्लेख गर्न नसकेकाले अनुचित विलम्ब गरी दायर हुन आएको प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६९ साल पुस ९ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** ०६५-WO-०६८४, परमादेशयुक्त उत्प्रेषण, *ओमप्रकाश अर्याल वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौं समेत*

काठमाडौंको माइतीघर मण्डलाक्षेत्र अत्यधिक मात्रामा सवारी आवागमन हुने क्षेत्र रहेको

र त्यस्तो क्षेत्रमा विरोधका कार्यक्रमहरू सञ्चालन गर्दा सार्वजनिक शान्ति सुरक्षामा प्रत्यक्षतः आघात पर्नसक्ने तथ्यमा दुई मत हुनसक्ने अवस्था छैन । काठमाडौं उपत्यकाको शहरी सौन्दर्य प्रवर्द्धन तथा वातावरणीय सुधार गर्ने प्रयोजनको लागि माइतीघर मण्डलालगायतका सडक छेउछाउका बगैंचा तथा हरित पेटीलाई अतिक्रमणमुक्त क्षेत्र घोषण गरी सो क्षेत्रमा विरोधका कार्यक्रम गर्न नपाइने गरी स्थानीय प्रशासन ऐन, २०२८ अनुसार निषेध गरिएको सूचना जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट विज्ञप्ति जारी गरेको पाइन्छ । विपक्षीको त्यसको कामकारवाहीबाट निवेदकलगायत नेपाली नागरिकको संविधान एवं कानूनप्रदत्त के कस्तो हक अधिकार हनन् हुन गएको हो निवेदकले स्पष्टसँग माग दावी लिन सकेको पाइँदैन । अर्कोतर्फ जिल्ला प्रशासन कार्यालय, काठमाडौंको उक्त विज्ञप्तिमा काठमाडौं उपत्यकाको हकमा विरोधका शान्तिपूर्ण कार्यक्रम गर्न काठमाडौं खुलामञ्चमा व्यवस्था मिलाइएको भनी जानरकारी गराइएको सूचना सम्प्रेषण गरिएको हुँदा विपक्षीहरू नागरिकका संविधान एवं कानूनप्रदत्त हकप्रति सचेत नै रहेको देखिँदा नेपाली नागरिकको संविधान एवं कानूनप्रदत्त हक अधिकारमा आघात परेको भन्न नमिल्ने भएकोले निवेदकको संविधान एवं कानूनप्रदत्त हक अधिकारमा आघात परेको मान्न नमिल्ने भएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६९ साल पुस ९ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CR-०५५७, ०३१३, गैंडाको खाग बिक्री गरी व्यवसाय गरेको, *मुढा साइला भन्ने रामचन्द्र प्रजा वि. नेपाल सरकार, तिलबहादुर गुरुङ वि. नेपाल सरकार*

मौकाको बयान नै स्वेच्छाले भएको होइन भनी प्रतिवादीले पुष्टि गर्न नसकेको स्थितिमा मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको बयानलाई स्वेच्छापूर्वक भएको होइन भनेकै आधारमा प्रतिवादीको बयान स्वेच्छापूर्वक भएको छैन र सो बयान निजको विरूद्ध प्रमाणमा लिन मिल्दैन भन्न नमिल्ने भनी यस अदालत संयुक्त इजलासबाट (*नेकाप* २०६७, फागुन, नि.नं. ८५०३) सिद्धान्त प्रतिपादन भएको देखिएबाट प्रतिवादीको साविती बयानलाई निजका विरूद्ध प्रमाणमा लिन मिल्ने ।

प्रतिवादीहरूको साविती बयान, एकआपसको पोल, यसअघि यस्तै प्रकृतिका कसूरमा भएको संलग्नता, प्रतिवादीहरूको आपराधिक सञ्जाल, संगठन एवं त्यसमा यी प्रतिवादीहरूको भूमिका हेर्दा कसैले गैंडा मार्ने, कसैले बिक्री गर्ने समेतको कार्य गरी एउटै समूहभित्र रही राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क) तथा १९ (१) को विपरीत कसूर अपराध गरेको देखिन आएबाट प्रतिवादीहरूलाई उक्त ऐनको दफा २६(१) बमोजिम १५ वर्ष कैद र रू. १ लाख जरीवाना हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६९ साल भदौ १३ गते रोज ४ शुभम् ।

१०

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CR-०२१०, कर्तव्य ज्यान, *शुक्रराज विश्वकर्मा वि. नेपाल सरकार*

मुद्दाको वारदात प्रतिवादीकै घर कोठाभित्रको हुनुको साथसाथै रातको समय भन्ने पनि देखिएको अवस्थामा चश्मदिद् गवाहको अभाव रहनु स्वाभाविक नै हुन्छ र सबै वारदात एवं अपराधमा चश्मदिद् गवाह हुनैपर्छ भन्ने पनि छैन । कसूरदारले गरेको कसूर प्रमाणित हुन अपराधको अनुसन्धान हुँदा विभिन्न कोणहरूबाट प्राप्त तथ्य एवं अभिव्यक्त भएका भनाइहरूलाई परिस्थितिजन्य प्रमाणहरूबाट समर्थित भने अवश्य नै हुनुपर्ने हुन्छ । प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको साविती बयानलाई जाहेरवाला बमबहादुर विश्वकर्मा, मौकामा अनुसन्धान अधिकारीसमक्ष कागज गर्ने झिम्कीमाया वि.क., वीरमान वि.क., राजेन्द्र नेम्वाङ्ग, स्मीता चेम्जुङ्ग एवं वस्तुस्थिति मुचुल्काका मानिसहरूको भनाइले समर्थित भैरहेको देखिँदा प्रतिवादीले आफ्नी श्रीमती सोममाया वि.क.लाई कर्तव्य गरी मारेको निर्विवाद

रूपमा प्रमाणित हुन आएकोले निज प्रतिवादी शुक्रराज विश्वकर्मालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

पत्नीसँग कुनै कारणले बेमेल हुँदैमा मार्नुपर्ने अवस्था र कारण हुँदैन । बाँच्न पाउने मानिसको नैसर्गिक अधिकार हो । कुनै पनि बहानाबाजी, कारण, अवस्था वा परिस्थितिले पनि सो अधिकार हनन् हुनु हुँदैन । आफ्नो संरक्षकत्वमा रहेकी, आफूले सदैव रक्षा गर्नुपर्ने पत्नीलाई मारेको अवस्थामा अ.बं. १८८ नं. को प्रयोग गरी सजाय घटाउने अवस्था र कारण नहुँदा अ.बं. १८८ नं. बमोजिम घटी सजाय गर्ने गरी जाहेर गरेको रायसँग सहमत हुन नसकिने ।

इजलास अधिकृतः बासुदेव पौडेल
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६९ साल भदौ १३ गते रोज ४ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गिरीश चन्द्र लाल,** रिट नं. ०६८-WO-०७५३, परमादेश, *सुनिशा नकर्मी समेत वि. प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, काठमाडौं समेत*

कसैले कुनै कुराको माग गरी कानूनबमोजिम निवेदन लिएर आएको छ भने कानूनबमोजिमको कर्तव्य र दायित्व निर्वहन गर्ने पदाधिकारीले त्यस्तो निवेदन हेरी जाँची बुझी रीत पुगेको भए दर्ता गरी मागबमोजिमको कुरा हुने वा नहुनेतर्फ निर्णय गर्नुपर्ने हुन्छ । निवेदन दर्ता गर्न नमिल्ने भए कारण खुलाई कानूनबमोजिम दरपीठ गर्नुपर्ने ।

नागरिकताको प्रमाणपत्र दिनेलगायत अन्य कुनै कानूनी कर्तव्य भएको सार्वजनिक पदाधिकारीसँग माग गरिएको निवेदनअनुसार गर्न मिल्ने भएमा सोबमोजिम गर्ने र सोबमोजिम गर्न नमिल्ने भएमा तत्सम्बन्धी निर्णय गर्नुपर्ने कर्तव्य पनि निहीत हुने हुँदा निवेदिकाहरूले आमाको नामबाट नेपाली नागरिकताको प्रमाणपत्र पाउन माग गरी निवेदन दिएमा निवेदन हेरी जाँची बुझी मागबमोजिम नागरिकताको प्रमाणपत्र दिन प्रचलित कानूनले मिल्ने भए कानूनबमोजिमको जो जे प्रक्रिया अपनाउनुपर्ने हो अपनाई ठहरेबमोजिम गर्नु वा दिन नमिल्ने भए आधार र कारण खुलाई सोहीबमोजिम निर्णय गर्नु भनी विपक्षीहरूको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६९ साल कात्तिक २० गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गिरीश चन्द्र लाल,** २०६६-CI-००२५, लिलाम बदर दर्ता बदर, दर्ता कायम, *गोदावरीदेवी राजपुतनी समेत वि. शम्भुनारायण सिंह राजपुत समेत*

कानूनबमोजिमको प्रक्रिया अवलम्बन गरी रजिष्ट्रेशन पारीत गरिदिएपछि यी पुनरावेदक गोदावरीदेवीको उक्त जग्गामा कानूनतः दावी रहन सक्ने देखिँदैन । निजको मञ्जूरी लिई शैलेन्द्रकुमार सिंहले सो जग्गा धितोमा राखी ऋण लिएको र सो ऋण चुक्ता गर्न नसकेका कारण उक्त जग्गा धितो सुरक्षणमा राख्ने सहकारी संस्था हनुमाननगरले कानूनको प्रक्रिया पूरा गरी भन्ने आधारमा लिलाम गरेको भन्ने देखिन्छ । एकपटक आफ्नो हक भोगको जग्गाको हस्तान्तरण गरी स्वेच्छाले आफूले सो हक परिवर्तन गरिसकेपछि त्यस्तो जग्गाको सम्बन्धमा कुनै उपयोग, छूट वा लाभ प्राप्त गर्ने अधिकार यी पुनरावेदक गोदावरीदेवीमा रहन सक्ने हुँदैन । प्राविधिक कारणले दर्ता हुन नसकेकै कारण प्रत्यर्थी शम्भुनारायण सिंह राजपुत र सचितानन्द राजपुतको हक निस्क्रिय गर्ने अधिकारसमेत यी गोदावरीदेवी, शैलेन्द्रकुमार सिंह तथा उक्त सहकारी संस्था हनुमाननगर समेतलाई नहुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६९ साल साउन २१ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** मुद्दा नं. ०६४-CI-०८५१, परमादेश, *चन्द्रबहादुर भट्टराई वि. जिल्ला प्रहरी कार्यालय, मोरङ समेत*

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३ को कानूनी प्रावधानअनुसार कसैले कुनै अपराधका सम्बन्धमा अनुसन्धान कारवाहीको सम्बन्धमा रीतपूर्वकको जाहेरी दरखास्त दिन आए दर्ता गरी अनुसन्धान गर्नुपर्ने गरी बाध्यात्मक रूपमा कानूनी जिम्मेवारी सुम्पेको अवस्थामा विशिष्ट परिस्थितिको तर्कको आधारमा कानूनद्वारा निर्दिष्ट जिम्मेवारीबाट उन्मुक्ति प्राप्त गर्न सक्ने नदेखिँदा निवेदकबाट पेश भएको जाहेरी दरखास्त दर्ता गरी आवश्यक कारवाही गर्नु भनी प्रत्यर्थीका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६९ साल पुस १ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** २०६७-WO-०५५२, उत्प्रेषणमिश्रित परमादेश, *रिपिन अग्रवाल वि. भन्सार विभाग समेत*

इजाजतपत्रमा उल्लिखित कुरा पालन गर्नुपर्ने हुन्छ । सोमा उल्लिखित शर्त मञ्जूर गरेर नै निवेदकले इजाजत पत्र प्राप्त गरेको हो । इजाजत नै सोमा उल्लिखित कार्य गर्ने प्राप्त अधिकार हो । यो अधिकारको प्राप्ति सोमा उल्लिखित शर्तको परिपालनमा निर्भर गर्दछ । शर्तको परिपालन नभएको अवस्थामा सो इजाजत पत्रका आधारमा गरिने कार्य अवैध हुन पुग्छन् । अवैध कामको परिणामबाट कसैले यो वा त्यो बहानामा उन्मुक्ति पाउन सक्दैन । इजाजतपत्र नवीकरण नगरेको अवधिमा बण्डेड वेयर हाउसको इजाजपत्रवालाले बण्डेड वेयर हाउसको सुविधा उपभोग गर्न नपाउने भन्ने व्यवस्था कानूनमा रहेको देखिन्छ । बण्डेड वेयर हाउससम्बन्धी सुविधा लिने इजाजत प्रत्येक आर्थिक वर्षको असोज मसान्तमा नवीकरण गर्नुपर्ने उल्लेख भएको र शर्त मञ्जूर गरी समयमै नवीकरण नगराउनेलाई सुविधा प्राप्त हुनसक्ने अवस्था नदेखिने ।

इजाजत नवीकरण गर्ने समय समेत भुक्तानी भई नवीकरण नै हुन नसक्ने अवस्थामा नवीकरण ढिला गराएबापतको विलम्ब शुल्क वा जरीवाना लिई नवीकरण गरीदिन विपक्षी भन्सार विभाग बाध्य हुने कुरा भएन । मिति २०६७।२।३ को भन्सार विभागको निर्णयमा निवेदक उद्योगको बण्डेड वेयर हाउसको इजाजतपत्र जाँच नगरी सुविधा दिइरहेको सन्दर्भमा विराटनगर भन्सार कार्यालयलाई पुनः त्यसप्रकारको लापरवाही नदोहोऱ्याउन सचेत गराएको समेत देखिँदा निवेदक उद्योगले आफूले बण्डेड वेयर हाउसको सुविधा लिँदा मञ्जूर गरेको शर्त र कानूनले बिना इजाजत वा नवीकरण नगरी बण्डेड वेयर हाउसको सुविधा भोग्न नपाउने भएपछि नवीरकण नगराई भोगेको सुविधा वैध हो भन्न र कानूनबमोजिम इजाजतपत्र नवीकरण नै नगरी सुविधाभोगी रहन छूट दिन मिल्ने भन्ने कुरा समेत नआउने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६९ साल पुस ८ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री भरतराज उप्रेती,** २०६८-WO-०९८०, उत्प्रेषण परमादेश, *गौरी गुरुङ वि. नमक्याल गुरुङ समेत*

पहिला लेनदेनको लिखतमा ऋणीद्वारा उल्लिखित प्रतिवादीको वतनमा म्याद जारी भै कानूनबमोजिम तामेल भएको र प्रतिवादीलाई थाहा होस् भनी पूर्ण आश्वस्तताको लागि जिल्ला अदालत नियमावलीको प्रावधानबमोजिम पत्रिकामा समेत प्रकाशित गरी कानूनद्वारा निर्दिष्ट कार्यविधिको पूर्णपालना गरेको पाइएको अवस्थामा कानूनबमोजिमको प्रक्रिया अवलम्बन गरी न्यायिक निकायबाट भएको फैसलाको कार्यान्वयनलाई नै प्रतिकूल असर पुऱ्याउने ध्येयले दायर भएको प्रस्तुत रिट निवेदन दावीसँग सहमत हुन नसकिने हुँदा लेनदेन मुद्दामा कास्की जिल्ला अदालतबाट फैसला भएपश्चात् बिगो भराउनेसम्बन्धमा भएको कामकारवाही समेतमा कुनै त्रुटि नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिएन, रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६९ साल असार २६ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** ०६६-CR-०४०५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामरती मल्लाह समेत*

लास जाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनबाट मृतकको शरीरमा धेरै घा खत देखिएको, वारदातस्थलबाट ४ थान लाठी बरामद भएको भन्ने आधार बाहेक अन्य कुनै स्वतन्त्र र प्रत्यक्ष प्रमाण बिना निज प्रतिवादीहरूले पनि मृतकलाई लाठी प्रहार गरी वारदातमा सरिक रहेको भन्न मिल्ने देखिँदैन । यी प्रतिवादीहरूले समेत मृतकलाई कुट्दै गरेको देखेको भन्ने चश्मदीद् साक्षीको अभाव रहेको हुँदा वारदातस्थलमा भेटिएका लाठी, दोहोरो कुटपीट हुने क्रममा मृतक पक्षकाले छोडेका लाठी पनि हुनसक्ने सम्भावनालाई नकार्न सकिँदैन । स्वतन्त्र प्रमाण बिनाको यस्तो आनुमानिक कुरालाई ज्यान मुद्दामा आधार बनाउनु फौजदारी न्यायअनुकूल हुँदैन । जहाँसम्म मृतकको शरीरमा धेरै घा चोट परेको भन्ने पुनरावेदन जिकीर छ । लास जाँच मुचुल्कामा टाउकोको साङ्घातिक घाउ बाहेक अरू अङ्गमा नीलडाम बाहेक खासै घा खत रहेको भनी उल्लेख भएको देखिँदैन । शव परीक्षण प्रतिवेदनमा Head injury (External haemorrhage) र asphyxia (sign of manual compression) भनी उल्लेख भएको पाइन्छ । सो बाहेक अरू घा खत नदेखिएको र अभियोगपत्रमा कोदालोको बिँड तथा लाठीको कुटपीटको व्यहोरा मात्र उल्लेख हुँदा र यी प्रतिवादीहरू रामरती, दशरथ र द्वारिका भन्ने बाबुरामले मृतकलाई लाठीले कुटेको भन्ने कुराको पुष्ठि हुन सकेको देखिँदैन । निज प्रतिवादीहरूले मृतकलाई प्रहार नगरे पनि वारदातस्थलमा उपस्थिती रही मृतकका साथमा रहेका व्यक्तिहरूसँग वादविवाद गरी मृतकको मृत्युमा सहयोग पुऱ्याएको अवस्थासम्म देखिँदा प्रतिवादी रामरती मल्लाहको हकमा शुरूले मुलुकी ऐन, ज्यानसम्बन्धीको १७(३) नं. बमोजिम एक वर्ष कैद गरेको फैसला सदर गरी प्रतिवादीहरू दशरथ मल्लाह र बाबुराम मल्लाहलाई सफाइ दिएको हदसम्मको शुरू फैसला उल्टी गरी निजहरूसमेतलाई ऐ. ऐनको १७(३) नं. बमोजिम जनही ६ महिना कैद हुने ।

इजलास अधिकृतः श्री बाबुराम सुवेदी
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६९ साउन ३१ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री भरतराज उप्रेती,** ०६७-CR-०४९८, ०७६८, लागू औषध (गाँजा), *चन्द्रमान मोक्तान वि. नेपाल सरकार, सञ्चलाल थिङ्ग वि. नेपाल सरकार*

आफैंले चलाएर लिई गइरहेको र आफ्नै नियन्त्रणमा रहिरहेको ट्रकमा साहूले बीच बाटोमा आफूहरूलाई थाहै नदिई गाँजा लोड गरे होलान् भनी प्रतिवादीहरू अदालतमा इन्कार रहेको भए पनि निजहरूको उक्त इन्कारी तथ्यमा आधारित नहुनुको साथै पत्यारलायक समत देखिँदैन । गाँजा जस्तो प्रतिवन्धित वस्तु गाडीमा लिई हिड्नु कसूरजन्य कार्य हो भन्ने कुरा जानीजानी गाडीमा राखी हिँडेको अवस्थमा प्रतिवादीहरू पक्राउ परेको देखिँदा प्रतिवादीहरू ट्रक चालक चन्द्रमान मोक्तान र ट्रकका खलासी प्रतिवादी सञ्चलाल थिङ्ग लागू औषध गाँजासहित पक्राउ परेको र गाँजाको खरीद बिक्री एवं ओसारपसारमा निजहरूको प्रत्यक्ष संलग्नता पुष्टि भएकोले मकवानपुर जिल्ला अदालतले लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(घ)(५) बमोजिम प्रतिवादीहरू चन्द्रमान मोक्तान र सञ्चलाल थिङ्गलाई जनही ९ वर्ष कैद र रू. ७५,०००।- जरीवाना गर्ने गरेकोमा यी प्रतिवादीहरू अर्काको गाडीमा लाए अह्राएको काम गर्ने अधिनस्थ व्यक्ति मात्र देखिएका र निजहरूको अवस्था एवं हैसियतका साथै बरामद भएको गाँजाको मात्रा समेतलाई मध्यनजर राखी प्रतिवादी गाडी चालक चन्द्रमान मोक्तानलाई ६ वर्ष कैद र रू. ५०,०००।- (पचास हजार) रूपैयाँ जरीवाना र गाडीका खलासी सञ्चलाल थिङ्गलाई ५ वर्ष कैद र रू. २५,०००।- जरीवाना हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६९ साउन ३१ गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री भरतराज उप्रेती,** ०६७-CI-०२०५, स्रेस्ता प्रमाणित गरी मोही हक नामसारी, *उर्मीलादेवी राणा वि. नक्छेद वागवान*

मुख नमिलेको कुराको हकमा पुनरावेदन अदालत आफैंले प्रमाण बुझी इन्साफ दिन पाउने व्यवस्था न्याय प्रशासन ऐन, २०४८ को दफा १४(ग) मा भएकोले उक्त अधिकारको प्रयोग पुनरावेदन अदालतबाट नगरी मुख नमिलेको कुरामा पुनः प्रमाण बुझी इन्साफ गर्न पठाउने अवस्था प्रस्तुत मुद्दामा विद्यमान नभएबाट पुनरावेदन अदालत, नेपालगञ्जबाट पुनः इन्साफका लागि शुरू भूमिसुधार कार्यालयमा पठाउने गरी भएको फैसला कानूनसम्मत् नदेखिँदा बदर हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटर विश्वराज पोखरेल

इति संवत् २०६९ साल साउन २६ गते रोज ६ शुभम् ।

- यसै लगाउको ०६७-CI-०२०४, मोही बेदखली, *उर्मीलादेवी राणा समेत वि. नक्छेद वागवान* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री तर्कराज भट्ट,** ०६५-CR-०२९०, जवर्जस्ती करणी, *नेपाल सरकार वि. बली भन्ने बलबहादुर सायर*

शंका र अनुमानकै भरमा मात्र जवर्जस्ती करणी जस्तो गम्भीर र नैतिक पतन हुने फौजदारी अपराधमा प्रतिवादीलाई कसूरदार कायम गर्न फौजदारी न्याय सिद्धान्त समेतबाट मिल्ने देखिँदैन । वादी पक्षले अभियोगलाई शंकारहित तवरले प्रमाणित गराउन नसके अभियुक्तले सफाइ पाउँछ भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त समेत रही आएको छ । यसै सर्वमान्य सिद्धान्त समेतको आधारमा पीडित क कुमारीलाई जवर्जस्ती करणी गरेको भनी प्रतिवादीउपर लगाइएको अभियोग शंका र अनुमानमा आधारित रहेको देखिएकोले प्रतिवादीले अभियोग दावीबाट सफाइ पाउने ।

इति संवत् २०६९ साल भदौ २६ गते रोज ३ शुभम् ।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री तर्कराज भट्ट,** ०६५-CR-०२१९, लागू औषध खरीद बिक्री एवं ओसारपसार, *नेपाल सरकार वि. प्रकाश प्रधान*

लागू औषध बोकी हिँडेको अवस्थामा पक्राउ परेको भए पनि त्यस्तो लागू औषध बिक्री गर्ने उद्देश्यले नै बोकी हिँडेका हुन् भनी निष्कर्षमा पुग्ने वस्तुनिष्ठ आधार वादी पक्षले पेश गर्न सकेको देखिँदैन । फौजदारी मुद्दामा कसूरदारलाई सजाय गर्नु पर्दा सामान्यतः कानूनमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक कसूरको मात्राअनुसार सजाय गर्नुपर्ने भन्ने फौजदारी न्यायसम्बन्धी सिद्धान्त रहेको देखिन्छ । हाम्रो प्रचलित लागू औषध (नियन्त्रण) ऐन, २०३३ को बनोट हेर्दा पनि प्रथम स्तरको कसूरदारलाई र दोस्रो स्तरको कसूरदारलाई एकै किसिमको सजायको व्यवस्था नगरी फरकफरक सजायको व्यवस्था गरी राखेको देखिन्छ । यसैले उल्लिखित सिद्धान्त एवं प्रचलित कानूनी व्यवस्था समेतबाट लागू औषधको कसूरमा संलग्न देखिएको भन्ने मात्र आधारले बिना ठोस सबूद प्रमाण बेगर नै यी प्रतिवादीलाई वादी पक्षको दावीबमोजिम मुख्य कसूरदार कायम गरी अभियोग माग दावीबमोजिमको सजाय गर्न न्यायोचित् नहुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६९ साल भदौ २६ गते रोज ३ शुभम् ।

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री तर्कराज भट्ट,** २०६८-CI-०६८७, अंश दर्ता, *मुसहर मियाँ धोवी समेत वि. सखिना खातुन*

दाइजोको रकमबाट खरीद गरी लिएको भए आफ्नो परिवारबाटै हस्तान्तरण गरी अन्यत्र गएको कम्पनी जस्ताको तस्तै समुच्चा खरीद गरिलिनु पर्नेसम्मको कुनै निर्विवाद कारण नदेखिएको र दाइजोको सम्पत्तिबाट खरीद गरेको लिखतमा लेखिएको जिकीर गरे पनि कहिले के कति रकम दाइजो पाई एक अंशियारले बेचेको जग्गा जस्ताको तस्तै समुच्च रूपमा अर्को अंशियारले खरीद गरेको हो । निर्विवाद तथ्ययुक्त प्रमाणद्वारा पुष्टि गर्न नसकेबाट पुनरावेदकहरूको व्यवहार शुद्ध नियतबाट भएको नदेखिँदा सगोलको अंशियार मुसहर मियाँले बिक्री गरेको जग्गाहरू नै अर्का अंशियारले राजीनामा गराई लिँदा दाइजो उल्लेख गरिदिँदैमा निजी आर्जनको भनी अर्थ गर्न नमिल्ने र दाइजोको रकमबाट खरीद गरेको देखिन औचित्य सावित हुने प्रमाणको अभावमा सबै अंशियारले अंशियारको

अंश हक लाग्ने विवादित कि.नं. ११६, ७१, ११, २२ र २३ को जग्गाबाट प्रत्यर्थी वादीले ४ खण्डको १ खण्ड अंश पाउने ।

इजलास अधिकृत: श्रीप्रसाद सञ्जेल

कम्प्युटर: विश्वराज पोखरेल

इति संवत् २०६९ साल जेठ १७ गते रोज ४ शुभम् ।

१२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री तर्कराज भट्ट,** २०६८-WO-०७९१, प्रतिषेध/परमादेश, *कुन्साङ लामा वि. जिल्ला विकास समितिको कार्यालय, बबरमहल काठमाडौं समेत*

करारीय नियमहरूको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा करारमा नै कुनै उपचारको व्यवस्था भए सोहीबोजिम हुने, करारमा उपचारको सम्बन्धमा कुनै प्रावधानको व्यवस्था नभए प्रचलित करार कानूनबमोजिम हुने, रिट क्षेत्राधिकार आकर्षित नहुने भनी यस अदालतबाट विभिन्न मुद्दामा सिद्धान्त समेत प्रतिपादन भएको परिप्रेक्ष्यमा बैंक ग्यारेन्टीको भुक्तानी समेत रोक्नको लागि प्रतिषेधको आदेश समेत जारी गरिपाऊँ भन्ने निवेदन प्रस्तुत सन्दर्भमा आकर्षित हुन सक्ने नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विष्णुप्रसाद उपाध्याय

कम्प्युटर: निर्मला भट्ट

इति संवत् २०६९ साल असार १३ गते रोज ४ शुभम् ।

१३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री तर्कराज भट्ट,** ०६६-CR-०१९०, सरकारी छाप दस्तखत कीर्ते, *नेपाल सरकार वि. धनराज कार्की*

सहअभियुक्त देवचना गुरागाईंले मौका एवं अदालतमा बयान गर्दा जग्गाधनी प्रमाण पूर्जा, मालपोत एवं नापी अधिकृतको छाप र दस्तखतसमेतका कागजात कीर्ते गर्ने कार्यमा यी प्रतिवादी धनराज कार्कीको संलग्नता रहेको भनी पोल गरेको भए पनि उक्त पोल कुनै स्वतन्त्र प्रमाणले पुष्टि हुन सकेको देखिँदैन। सहभभियुक्तको पोल आफैमा स्वतन्त्र प्रमाण होइन भन्ने सम्बन्धमा यस अदालतबाट विभिन्न मुद्दाहरूमा सिद्धान्तसमेत प्रतिपादन भैसकेको छ। फौजदारी कसूरमा कसैलाई कसूरदार कायम गर्नुपूर्व सो कसूर प्रत्यक्षदर्शी साक्षी वा अन्य कुनै प्रत्यक्ष र स्वतन्त्र प्रमाणले पुष्टि हुन जरूरी हुन्छ। सहअभियुक्तको पोललाई मात्र आधार मानी केवल शंका र अनुमानको भरमा मात्र कसैलाई आरोपित कसूर गरेको हो भनी ठहर गर्न फौजदारी न्याय सिद्धान्त समेतबाट नमिल्ने ।

इजलास अधिकृत: श्री बाबुराम सुवेदी

कम्प्युटर: विश्वराज पोखरेल

इति संवत् २०६९ साल भदौ २६ गते रोज ३ शुभम् ।

१४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CR-०९४१, निर्णय बदर (अनुचित कार्य) *अख्तियार दुरूपयोग अनुसन्धान आयोग वि. सरोज देवकोटा*

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले प्रचलित ऐन र नियमविपरीत हुने गरी गर्न नहुने काम गरेबापत निज सदस्य सचिव सरोजकुमार देवकोटालाई निजले अख्तियारको दुरूपयोग गरेमा छुट्टै कारवाही गर्नुपर्नेमा सो नगरी निजमाथि कुनै कारवाही नगरेको अवस्था समेत विद्यमान भएको यस्तो अवस्थामा अर्जुनबहादुर के.सी.लाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्मा हाजीर गराई काममा लगाएबापत निजले तलव भत्ता सुविधाको रूपमा प्राप्त गरेको रकम रू. ६,०४,३६५।- निज सरोजकुमार देवकोटाबाट भराई लिन न्यायोचित समेत नहुने हुँदा सोही आधार कारण उल्लेख गरी प्रतिवादी सरोजकुमार देवकोटाबाट अर्जुनबहादुर के.सी.ले उपभोग गरेको तलव सुविधाको रकम भराउने भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएको निर्णय बदर हुने ।

इजलास अधिकृत: विष्णुप्रसाद गौतम

कम्प्युटर: निर्मला भट्ट

इति संवत् २०६९ साल साउन २३ गते रोज ३ शुभम् ।

१५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CR-०३१७, ०७२१, भ्रष्टाचार, *रामपुकार यादव वि. नेपाल सरकार, नेपाल सरकार वि. रामपुकार यादव*

प्रतिवादीले मृतक व्यक्तिका नाममा ज्येष्ठ नागरिक तथा विधवा भत्ता वितरण गरेको देखाई आफैंले सो रकम बुझिलिएको भरपाइमा नक्कली सहिछाप गरी सो रकम लिए खाएको भए उक्त

भरपाईसमेत परीक्षण गराई निजले उक्त भरपाइमा नक्कली सहिछाप गरेको हो होइन यकीन गरी प्रचलित कानूनबमोजिम आरोपपत्र दायर गर्नुपर्नेमा सोसमेत हुन नसकी बिना कुनै अनुसन्धान र सबूद संकलनको अभावमा केवल अड्कलकै भरमा यी प्रतिवादीलाई दोषी ठहर गर्न नमिल्ने ।

प्रतिवादीले कानूनविपरीत खाएको भनिएको रकम रू. ४६,०००।- बेरुजुसम्म देखिएकोले सो रकमलाई भ्रष्टाचार ठहर गर्न मिल्ने नदेखिँदा सो रकम बढी भत्ता लिएको भन्ने अभियोग दावी पुग्न नसक्ने ठहऱ्याई भएको विशेष अदालत, काठमाडौंबाट भएको फैसला सो हदसम्म सदर हुन्छ । ज्येष्ठ नागरिक तथा विधवाबापतको रू १६,६००।- को रकम प्रतिवादीले लिए खाएको ठहऱ्याई विशेष अदालत, काठमाडौंबाट मिति २०६८।३।१९ भएको फैसला सो हदसम्म नमिली केही उल्टी हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६९ साल साउन २३ गते रोज ३ शुभम् ।

१६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CR-०९३६, निर्णय बदर (अनुचित कार्य), *अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल काठमाडौं वि. ईश्वरकुमार श्रेष्ठसमेत*

प्रचलित कानूनबमोजिम जिल्ला शिक्षा कार्यालय, धादिङबाट कार्यालय समय बाहेक अन्य समयमा अतिरिक्त कार्य गर्ने गरी स्वीकृतिपत्र प्राप्त गरेको तथा सम्बन्धित निकायको रूपमा रहेको जिल्ला शिक्षा कार्यालयबीच सम्पन्न सम्झौतापत्रबमोजिम कार्य सम्पन्न गर्ने यी प्रत्यर्थीहरू उपर सम्झौताबमोजिम कार्य परिपालना गराउन माग गर्ने पक्षको रूपमा रहेको विद्यालय व्यवस्थापन समितिको तर्फबाट तथा करारको पक्षका रूपमा रहेको जिल्ला शिक्षा कार्यालय स्वयंको कुनै सिकायत तथा आपत्तिसमेत नरहेको यस्तो अवस्थामा बेनामी उजूरीको भरमा यी प्रत्यर्थीहरूले अनुचित कार्य गरेको भन्न नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६९ साल साउन २३ गते रोज ३ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-CI-०२५४, लिखत दर्ता बदर दर्ता, *भगवती देवी समेत वि. अरुणकुमार महतो सुडी समेत*

वादीहरूले फिराद पत्रमा आफूहरूको समेत हक लाग्ने बारा जिल्ला पिप्रा सिमरा गाउँ विकास समिति वडा नं. ४(ख) कि.नं. २२० को जग्गा विगाह ०-८-० र ऐ. वडा नं. ४(ग) कि.नं. २४९ को जग्गा विगाह ०-४-५ जग्गा मिति २०६०।९।२१ मा बिक्री भएको कुरा मिति २०६१।९।१८ मा थाहा पाएको भन्ने उल्लेख गरेको पाइन्छ । वादीको उल्लिखित फिराद व्यहोराबाट लेनदेन व्यवहारको १० नं. मा उल्लेख भएको हदम्याद एक वर्षभित्र नै यी पुनरावेदक वादीहरूले दावीको जग्गा बिक्री गरेको थाहा पाएको भन्ने देखियो । उक्त मितिबाट पैतीस दिनभित्र नै मिति २०६१।१०।१० मा प्रस्तुत मुद्दाको फिराद दायर गरेको देखिँदा लेनदेन व्यवहारको १० नं. को हदम्यादभित्र नै फिराद दायर गरेको देखिने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल असोज १ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CI-०४६२, निषेधाज्ञा, *राजदेव प्रसाद तेली वि. हजरत अली मुसलमानसमेत*

विवादित कित्ता नं. ५७ को जग्गाको सम्बन्धमा जग्गा खिचोलामा मुद्दा दिई यी पुनरावेदकको दावी नपुग्ने अदालतबाट फैसला भएको देखिएको र हाल सो जग्गा रहेको स्थानमा गरिएको स्थलगत नाप नक्साबाट कि.नं. ५७ को अस्तित्व नै स्पष्ट रहेको छैन र कि.नं. ५७ को जग्गा भनेको स्थानमा प्रत्यर्थीले ब्लकको संरचनासमेत निर्माण गरी भोगचलन गरेको देखिन आएबाट यी पुनरावेदकको निर्विवाद भोग चलनमा जग्गा रहेको भन्ने देखिएन । यस्तो आशंकाको अवस्थामा निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्था रहेन ।

निर्विवाद स्वामित्व प्राप्त नभएको सम्पत्तिको सम्बन्धमा निषेधाज्ञाको आदेश जारी गरी पाउन माग गर्नुको कुनै औचित्य नरहने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल पुस २६ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CI-०४५५, निषेधाज्ञा, *द्रौपदी अधिकारी वि. बाबुराम अधिकारी समेत*

पुनरावेदिकाले दावी गरेको कि.नं. ५०५ र ५१७ का जग्गामा यी पुनरावेदिकाको हक कायम नहुने ठहरेको छ । यसप्रकार जुन जग्गामा यी पुनरावेदिकाको हक कायम नहुने ठहरेको हो सोही जग्गामा विपक्षीहरूले जग्गा प्लटिङसमेतका कार्य गरेबाट यी पुनरावेदकको हकहितमा कुनै प्रतिकूल असर पुग्नसक्ने अवस्था देखिएन । आफ्नो हक नै स्थापित नभएको जग्गाको सम्बन्धमा विपक्षीबाट भए गरेको कामकारवाहीबाट प्रतिकूल असर नपर्ने यी पुनरावेदिकाले माग गरेको निषेधाज्ञाको निवेदनको कुनै औचित्य नै बाँकी रहेको नदेखिँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल पुस २६ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CI-०९४०, परमादेश, *धर्म चौधरी वि. ने.रा. नि.मा.वि. सपही बारा समेत*

विद्यालयबाट पेश भएको लिखित जवाफसाथ मिति २०६७।१०।२० मा विद्यालयमा भएको बैठकको निर्णय १ नं. मा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पदमा जिल्ला बारा गा.वि.स. सपही वडा नं. ६ बस्ने रवी चौधरीलाई सर्वसम्मतिबाट चयन गर्ने निर्णय गरियो भनी निर्णय भएको सो निर्णयको प्रतिलिपिबाट देखिन आउँछ । सो बैठकमा यी पुनरावेदक धर्म चौधरीको पनि उपस्थिति रही सही गरेको देखिन्छ । मिति २०६७।१०।२३ गतेको बैठकबाट सो व्यवस्थापन समितिको अन्य सदस्यहरू पनि नियुक्त गरी व्यवस्थापन समितिको छनौट कार्य सम्पन्न भैसकेको देखिँदा व्यवस्थापन समितिको गठन कार्य सम्पन्न भैसकेको अवस्थामा निवेदन खारेज हुने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल पुस २६ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CI-०९००, परमादेश, *ब्रम्हदेव मण्डल वि. दुर्गाप्रसाद अधिकारी*

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ भन्ने उल्लेख रहेबाट नागरिकलाई संवैधानिक सुनिश्चितता गरेको पाइन्छ भने सार्वजनिक निकायलाई त्यस्तो सूचना प्रवाह गर्नुपर्ने दायित्व रहेको देखिन आउँछ । विद्यालयको व्यवस्थापन समितिको छनौटसम्बन्धी कामकारवाही विद्यालयले गोप्य राख्नुपर्ने विषय हो भन्ने पनि नदेखिँदा निवेदकले माग गरेको कागजातहरूको प्रमाणित नक्कल माग गर्न आए कानूनबमोजिम उपलब्ध गराउन भनी पुनरावेदन अदालत, राजविराजबाट मिति २०६७।३।६ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल पुस २६ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CI-०१८१, परमादेश, *ब्रम्हदेव महतो वि. जिल्ला जनस्वास्थ्य कार्यालय, सिरहासमेत*

विवादका जग्गाकै सम्बन्धमा यिनै निवेदक र विपक्षी पूर्वाञ्चल डिभिजन सडक कार्यालय, नं. ५ लाहानसमेत भएको निषेधाज्ञाको मुद्दामा आफ्नो नाउँको उक्त जग्गाको लगत कट्टा गर्ने आशंका भएकोले निषेधाज्ञा जारी गरिपाऊँ भन्नेसमेत माग दावी गरी मुद्दा परेको देखिन आउँछ । पुनरावेदन अदालत, राजविराजबाट सो निषेधाज्ञाको निवेदन खारेज हुने गरी भएको आदेश यस

अदालतबाट मिति २०६४।१२।४ मा सदर हुने गरी फैसला भएको देखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः मो. अख्तर अली

इति संवत् २०६९ साल पुस २६ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CR-०३२६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. दीपेन्द्र सिंह भण्डारी समेत*

मृतक मञ्जू भण्डारीलाई बान्ता गरी छटपटाइरहेको अवस्था देखेपछि यी प्रतिवादीहरूले मृतकको भिनाजु नाता पर्ने नरसिंह बुडाललाई तत्कालै खबर गरी निजको छोरा रामसिंह बुडाल तुरुन्तै घटनास्थलमा आई मृतकले जहर सेवन गरेको आशंका गरी नजिकका पसलमा गई सोधपुछ गर्दा मृतकले सल्फास नामक विषादी खरीद गरी ल्याएको पुष्टि भएपछि प्रतिवादीहरूले गाउँ घरमा तत्काल उपलब्ध भएका सवारी साधन डल्लप (गोरुगाडा) मा राखी उपचारार्थ स्वास्थ्य चौकीमा पुऱ्याएको देखिन्छ । त्यहाँ उपचार हुन नसकेपछि थप उपचारको लागि महाकाली अञ्चल अस्पतालमा लैजान सवारी साधन खोजेको र समयमा सवारी साधन उपलब्ध हुन नसकेपछि मञ्जू भण्डारीको मृत्यु भएको र मृतकको उपचारका लागि तदारूखता देखिएको निजहरूले विष खुवाएको भन्ने कुरा तथ्यगत रूपमा पुष्टि हुन नसकेको अवस्थामा समयमै मृतकका माइतीमा खबर नगरेको र पहिलेदेखि मृतक र प्रतिवादी दीपेन्द्र सिंह भण्डारी (लोग्ने स्वास्नी) बीच राम्रो सम्बन्ध नरहेको भन्ने कुरालाई आधार मानी अनुमानको भरमा दिएको जाहेरीलाई मात्र आधार मानी कर्तव्य ज्यानजस्तो गम्भीर अपराधको कसूरदार ठहर गर्न नमिल्ने हुँदा प्रतिवादीहरूले आरोपित कसूरबाट सफाइ पाउने ।

इजलास अधिकृतः ऋषिराम आचार्य

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६९ साल असोज ९ गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७-CR-०४७५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. डिल्ली सिंह वि.क. समेत*

प्रतिवादीहरूले मृतकहरूलाई मार्नुपर्नेसम्मको कारण नभएको र मृतकहरूलाई मार्नका लागि पूर्व योजना बनाएको समेत नदेखिएको यस्तो अवस्थामा ज्यानसम्बन्धी महलको १३(३) नं. आकर्षित हुनसक्ने देखिएन । प्रतिवादीहरूले ज्यान लिनुपर्नेसम्मको इवी लागको विद्यमान अवस्था पनि रहेको नदेखिएको र लुकी चोरीकन प्रहार गरेको र जोखिमी हातहतियार प्रयोग गरी मारेको नदेखिई मृतकहरू र प्रतिवादीहरू समेतले अत्यधिक मात्रामा रक्सी सेवन गरी घरतर्फ जाँदै गर्दा बाटोमा मेलामा जाने नजाने विषयमा विवाद भै तत्काल उठेको रिसका कारण साधारण ढुंगा लात मुक्काले मृतकहरूउपर प्रहार गरेको र सोही कारण मृतकहरूको मृत्यु भएपछि भीरबाट फालेको अवस्था देखिएकोले यी प्रतिवादीहरूले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसूर गरेको देखिन नआएकोले निज प्रतिवादीहरूलाई सोही नं. बमोजिम १० वर्ष कैदको सजाय हुने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली

इति संवत् २०६९ साल असोज २२ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७-CR-००८८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मिखन मण्डल समेत*

मृतक रीतादेवी मण्डल र प्रतिवादी जयकिशोर मण्डलका बीच अनुचित शारीरिक सम्बन्ध रहेको कारण मृतक रीतादेवीलाई प्रतिवादीहरूले कर्तव्य गरी मारेको भन्ने विशेष सूत्रबाट बुझिएको भनी प्र.ना.नि. शान्ताराम कार्कीको प्रतिवेदन रहेको भए पनि सो कुरा प्रमाणबाट पुष्टि हुन नसकेको, मृतकको मृत्यु कर्तव्यबाट नभई झाडापखालाको कारणबाट भएको हो भनी वादी पक्षकै साक्षीहरूले बकपत्र गरिदिएको, प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्ष भएको साविती बयानलाई मिसिल संलग्न अन्य कुनै पनि स्वतन्त्र प्रमाणले समर्थन नगरेको तथा मृतक रीतादेवी मण्डलको मृत्यु के कारणबाट भएको हो भन्ने ठोस आधार खुलाउने लासको पोष्टमार्टम नै हुन नसकेको अवस्थामा केवल शंका र अनुमानको भरमा मात्र मृतकको मृत्यु यिनै

प्रतिवादीहरूको कर्तव्यबाट भएको हो भनी निष्कर्षमा पुग्नु न्यायोचित् नहुँदा प्रतिवादीहरूले आरोपित कसूरबाट सफाइ पाउने ।
इजलास अधिकृतः फणिन्द्रप्रसाद पराजुली
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६९ साल असोज २२ गते रोज २ शुभम् ।

**इजलास नं. ६**

१

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-WO-०४१९, उत्प्रेषण परमादेश, *निजेश उप्रेती वि. पश्चिमाञ्चल ग्रामीण विकास बैंक लि., बुटवल १२, रूपन्देहीसमेत*

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ६८ मा एउटा इजाजतपत्र प्राप्त संस्था अर्को इजाजतपत्र प्राप्त संस्थामा गाभिन सक्ने कानूनी रहेको देखिन्छ भने कम्पनी ऐन, २०६३ को दफा १७७ मा समेत गाभिने कम्पनीले आफ्नो साधारण सभामा विशेष प्रस्ताव पारीत गरी एउटा पब्लिक कम्पनी अर्को कम्पनीमा गाभिन सक्ने भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । उपरोक्त कानूनी व्यवस्थाबमोजिम पश्मिाञ्चल ग्रामीण विकास बैंक लि. अन्य ग्रामीण विकास बैंकहरूसँग गाभ्ने/गाभिने भन्ने विशेष प्रस्ताव उक्त बैंकको साधारणसभाबाट पारीत गरिएको भनी निवेदकले रिट निवेदनमा उल्लेख गर्न सकेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः कृष्णप्रसाद पौडेल
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६९ साल मंसिर ११ गते रोज २ शुभम् ।

२

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-WO-०५८३, उत्प्रेषणसमेत, *लक्ष्मण हमाल वि. सार्वजनिक खरीद अनुगमन कार्यालय, ताहाचल, काठमाडौं समेत*

मिसिल संलग्न शिलबन्दी बोलपत्र आव्हानसम्बन्धी सूचनाको छायाँप्रति तथा निवेदन व्यहोराबाट राशन आपूर्तिसम्बन्धी ठेक्का अवधि २०६९ साल पुस मसान्तसम्म समाप्त हुने देखिँदा निवेदन मागबमोजिमको आदेश जारी नै हुँदा पनि सो आर्थिक वर्षको पुनः बोलपत्रसम्बन्धी ठेक्का बन्दोबस्त हुन नसक्ने भै आदेश निष्प्रयोजन हुने देखिन्छ । अदालतबाट कुनै पनि आदेश जारी हुँदा उक्त आदेश कार्यान्वयन हुनसक्ने अवस्था हुनुपर्दछ । प्रस्तुत रिट निवेदनमा मागबमोजिम आदेश जारी नै भएमा पनि समयावधिका कारण उक्त आदेश कार्यान्वयन हुन नसक्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः कृष्णप्रसाद पौडेल
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६९ साल मंसिर ११ गते रोज २ शुभम् ।

३

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८ सालको स.फौ.पु.नं. ०६७-CR-१०४२, भ्रष्टाचार, *नेपाल सरकार वि. विक्रम अधिकारी क्षेत्री*

भ्रष्टाचार निवारण ऐन, २०५९ मा हदम्यादबारे कुनै कुरा उल्लेख नभएकोले भ्रष्टाचारसम्बन्धी मुद्दा जहिलेसुकै दायर गर्न सकिने अवस्था देखिन आयो । प्रस्तुत विवादका सम्बन्धमा अनुसन्धान अधिकृत नियुक्त भै विशेष अदालत, काठमाडौंमा मुद्दा दायर भएको देखिएको, भ्रष्टाचारजन्य कसूर निवारण गर्न बनेको भ्रष्टाचार निवारण ऐन, २०५९ मा हदम्यादको सम्बन्धमा कुनै व्यवस्था नगरिएको र सो ऐन लागू भएपश्चात् प्रस्तुत विवादका सम्बन्धमा उजूरी परेको देखिएको तथा प्रतिपादित सिद्धान्त समेतका आधारबाट विलम्ब गरी मुद्दा दायर गरेको भन्ने मान्न मिल्ने अवस्था देखिन नआएकोले हदम्यादको अभावमा अभियोग दावी खारेज हुने ठहऱ्याएको विशेष अदालत, काठमाडौंको फैसलासँग सहमत हुन नसकिएकोले तथ्यमा प्रवेश नगरी हदम्यादको आधारमा अभियोग दावी खारेज हुने ठहऱ्याएको मिति २०६७।९।२१ को विशेष अदालत, काठमाडौंको फैसला बदर गरिदिएको छ । अब उक्त फैसलाको तथ्यमा प्रवेश गरी जो जे बुझ्नुपर्ने आवश्यक प्रमाण बुझी ठहर गर्नु भनी मिसिल विशेष अदालत, काठमाडौंमा पठाइदिनु ।
इजलास अधिकृतः हेमबहादुर सेन
कम्प्युटरः भवानी ढुंगाना
इति संवत् २०६९ साल असोज २१ गते रोज १ शुभम् ।

४

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या..श्री वैद्यनाथ उपाध्याय,** ०६५-CR-०३७८, ०५०२, ०६४३, गैंडा मारी खाग बिक्री, *भीमबहादुर स्याङतान वि. नेपाल सरकार, जुम्लेकान्छा भन्ने हस्तबहादुर तामाङ वि. नेपाल सरकार, वीरमान भन्ने वीरबहादुर प्रजा वि. नेपाल सरकार*

घटनास्थल प्रकृति मुचुल्काका साक्षीहरूको बकपत्रसमेतबाट गैंडा मारिएको, खाग काटिएको र अनुसन्धानको क्रममा प्रतिवादीहरूलाई पक्राउ गरिएको भन्ने खुल्न आएको देखिन्छ । उल्लिखित आधार तथा घटनाको प्रकृति समेतलाई विश्लेषण गर्दा राष्ट्रिय निकुञ्ज क्षेत्रमा पटक-पटक गैंडा मारी खागको बिक्री व्यवसायबाट प्रतिवादीहरूले आर्थिक लाभ प्राप्त गरेको भन्ने नै पुष्टि हुन आयो । जहाँसम्म यातनापूर्वक गराइएको बयानमा साविती बयानको क्रममा यातना दिइएको सम्बन्धमा लामो सयमसम्म पनि निवेदन, उजूरी केही दिएको वा सो पुष्टि गराउन सकेको देखिँदैन । अड्डामा संरक्षण अधिकृतसमक्ष बयान गर्दा पनि निज पुनरावेदक प्रतिवादीहरू आरोपित कसूरमा सावित नै रहेको देखिन्छ । अनुसन्धान भई मुद्दा चली बयान भई प्रमाण बुझी निर्णय भैसकेपछि मिसिलमा रहेको प्रमाणको आधारबाट शुरू फैसला मिले नमिलेको कुरा पुनरावेदनबाट बोलिने कुरा हो । पुनरावेदन तहमा आई नयाँ जिकीर लिएमा त्यो जिकीरको पुष्टि जिकीर लिनेले नै गर्नुपर्ने हुन्छ । प्रतिवादीहरूको सो जिकीरलाई प्रमाणको अभावमा विश्वसनीय मान्न सकिएन । यसबाट प्रतिवादीहरूले गैंडा मारी खाग खरीद बिक्री गरी आर्थिक लाभ लिएको नै मान्नुपर्ने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६९ साल असोज १६ गते रोज ३ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६५-CR-०३९०, ०३९१, ०३९२, ०६४४, गैंडा मारी खाग बिक्री व्यवसाय, *रामबहादुर भन्ने मंगलबहादुर प्रजा वि. नेपाल सरकार, कुमार एवं साइला भन्ने हस्तबहादुर, रामकुमार प्रजा वि. नेपाल सरकार, रञ्जन प्रजा वि. नेपाल सरकार, वीरमान भन्ने वीरबहादुर प्रजा वि. नेपाल सरकार*
- ०६५-CR-०४९३, ०५०३, गैंडा मारी खाग बिक्री व्यवसाय, *शेरबहादुर घलान वि. नेपाल सरकार, जुम्लेकान्छा भन्ने हस्तबहादुर तामाङ वि. नेपाल सरकार*

५

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या..श्री वैद्यनाथ उपाध्याय,** ०६५-CR-०६०६, लागू औषध, *नेपाल सरकार वि. अर्जुन भोटे भन्ने जीतबहादुर खत्री*

कुनै चिज वस्तु सँग साथमा फेला पर्नु वा सो चिजवस्तु कसैसँग रहेको कुरा स्थापित हुनु तथ्यगत प्रश्न हो, सबै तथ्यगत विषय कसूर वा अपराध हुँदैनन् तर, कुनै प्रतिवन्धित वस्तु कसैको साथबाट फेला पर्नु नै आपराधिक कार्य (Corpus delicti) गरेको प्रमाणित भएको मानिने प्रकृतिका अपराध (Possessory crime) भएकोले सोमा कसूर प्रमाणित गर्ने भार प्रतिवादीको हुन्छ भन्ने भएकोले प्रतिवादीको साथबाट लागू औषध बरामद भएको पुष्टि भएपछि आफ्नो निर्दोषिता प्रमाणित गर्ने भार यस मुद्दामा लागू औषध (नियन्त्रण ऐन) २०३३ को दफा १२ ले प्रतिवादीमा रहेको कुरामा विवाद रहेन । यस्तो अवस्थामा प्रतिवादीले यस ऐनअनुरूप सजाय हुने अपराध गरेका हुने भनी लागू औषध (नियन्त्रण ऐन) २०३३ को दफा १२ अनुरूप मान्नुपर्ने ।

लागू औषध खरीद बिक्री गर्ने गरेको तथ्य प्रतिवेदकको प्रतिवेदन, बकपत्र, प्रतिवादीको साविती, वस्तुस्थिति मुचुल्काका व्यक्तिहरू र हाँसपोसा गा.वि.स. का ४७ जना टोलबासी नागरिकको भनाइबाट पुष्टि भैरहेको देखिँदा प्रतिवादीलाई अभियोग माग दावीअनुसार लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ) र (ङ) बमोजिमको कसूर कायम भई ऐ.को दफा १४(१)(झ) अनुसार २ वर्ष कैद र रू. १,००,०००।- (एक लाख) जरीवाना हुने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६९ साल असोज १६ गते रोज ३ शुभम् ।

६

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या..श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६८ सालको रिट नं. ०६८-WO-०२९८, उत्प्रेषणयुक्त परमादेश, *हेमन्त खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकलाई अवकाश दिने भनिएको मिति २०६८।६।८ को निर्णय दुर्गमक्षेत्र विकास समितिको कार्य सञ्चालनसम्बन्धी नियमावली, २०६५ को नियम ९९(२) बमोजिम अनिवार्य अवकाश दिइएको अवस्थामा निजामती कर्मचारीको लागि निजामती सेवा ऐन, २०४९ को दफा १७ मा विशिष्ठ श्रेणीको पदावधि ५ वर्षको हुनेछ भनी उल्लेख गरिएको साविकको ऐनमा पनि विशिष्ठ श्रेणीको लागि ५ वर्ष नै सेवा अवधि अवकाशको लागि पर्याप्त हुने अवस्थामा नयाँ नियमावलीको सोही कुरालाई स्पष्ट गर्नु विशिष्ट श्रेणीको पदमा पाँच वर्ष सेवा अवधि ताकेको समेतबाट निवेदकलाई मर्का परेको भन्न नमिल्ने ।

कुन कर्मचारीलाई कति समय वा अवधिसम्म काममा लगाउने भन्ने विषय सरकारको नीतिगत कुरा भएको र निवेदकलाई यो मात्रै कानूनी व्यवस्था लागू हुने नभई सम्पूर्ण कर्मचारीहरूलाई लागू हुने हुँदा विद्यमान कानूनी व्यवस्थाअन्तर्गत रहेर निवेदकलाई अनिवार्य अवकाश दिने कार्यले निवेदकको कुनै हक अधिकारमा आघात परेको नदेखिँदा मागबमोजिमको आदेश जारी हुन नसक्ने हुँदा रिट निवेदन नै खारेज हुने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६९ साल कात्तिक १४ गते रोज ३ शुभम् ।

७

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या..श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६६-CI-०९३८, घर हटाई चलन चलाई पाऊँ, *उत्तमकुमार यादव वि. रामशंकर यादव समेत*

सार्वजनिक जग्गामा कसैले घर बनाएमा त्यस्तो सम्बन्धमा हदम्यादको स्पष्ट व्यवस्था कुनै ऐनमा गरिएको पाइँदैन । यस्तो अवस्थामा ऐनमा हदम्याद नलेखिएको अवस्थामा अ.बं. ३६ नं.कै व्यवस्था लागू नहुने भन्न मिलेन । यदि कसैले सार्वजनिक जग्गा मिची घर बनायो र त्यसमा कसैले पनि एक वर्षभित्र फिराद दिएन भने त्यस्तो फिराद खारेज गर्ने हो भन्ने सर्वसाधारणको हित र भलाइको हितभन्दा व्यक्तिगत स्वार्थको संरक्षण हुन जान्छ, जुन उक्त कानूनी व्यवस्थाको उद्देश्य, मर्म र भावना होइन । घर बनाउने महलको ११ नं. को हदम्यादसम्बन्धी व्यवस्थालाई सार्वजनिक जग्गाको सम्बन्धमा समेत लागू हुने गरी व्याख्या गर्ने हो भने सरकारी एवं सार्वजनिक जग्गाको संरक्षण नहुनुको साथै सार्वजनिक सम्पत्तिमा अन्तर्निहित आम जनताको अधिकार संरक्षितसमेत हुन नसक्ने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६९ साल साउन १६ गते रोज ३ शुभम् ।

८

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६५ सालको रिट नं. ०६५-WO-००७२, उत्प्रेषण परमादेश, *रामचन्द्र चौधरी वि. शिक्षा तथा खेलकुद मन्त्रालय, केशरमहल काठमाडौं समेत*

विद्यालय व्यवस्थापन समितिबाट कुरा उठान गरी बैठक बसी गरिएको निर्णय, विभिन्न गा.वि.स. तथा राजनीतिक दलका प्रतिनिधिहरू तथा समाजसेवी र अभिभावकहरू समेतको उपस्थितिमा उक्त विद्यालयको भैरहेको वास्तविक ठेगाना "बेलौनी" भन्ने शब्द थप गर्ने भनी निर्णय गरी सोहीबमोजिम थप गर्न स्वीकृति प्राप्त भै तत्तत् आधिकारिक निकायबाट निर्णय भै आएपछि उक्त नाम प्रचलनमा ल्याइएको पाइएको र उक्त विद्यालयको नाम परिवर्तन वा संशोधन नभै "बेलौनी" भन्ने शब्दसम्म प्रष्ट ठेगानाको निम्ति थप भएको देखिएकोले कानूनबमोजिम आधिकारिक निकायबाट निर्णय भै उक्त विद्यालयबाट सोको कार्यान्वयनसम्म भएको कार्यले यी रिट निवेदकको कुनै संवैधानिक तथा कानूनी हकमा आघात परेको देखिन नआउनुको साथै रिट निवेदकले मिति २०५९।१२।२ देखि उक्त "बेलौनी" भन्ने शब्द थप भै प्रचलनमा आएको मितिले करिव ५ वर्षपछि मात्र

रिट निवेदन गर्न आएको देखिएकोले अनुचित विलम्ब गरी अदालत प्रवेश गरेको समेतका कारणबाट रिट निवेदकको मागबमोजिमको आदेश जारी गरिरहनु नपर्ने ।

इजलास अधिकृतः हेमबहादुर सेन
कम्प्युटरः भवानी ढुङ्गाना
इति संवत् २०६९ साल भदौ २४ गते रोज १ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको पुनरावेदन नं. ०६७-CR-०६२९, अदालतको अपहेलना, *पुहुपलाल साह वि. जिल्ला प्रहरी कार्यालय, सप्तरी समेत*

निवेदक पुनरावेदन अदालत, राजविराजबाट मिति २०६५।१०।२७।२ को आदेशअनुरूप जिल्ला प्रहरी कार्यालय, सप्तरीमा जाहेरी दरखास्त दर्ता गर्न गएको भन्ने नदेखिँदा विपक्षी जिल्ला प्रहरी कार्यालयको जाहेरी दरखास्त दर्ता गर्न इन्कार गरी तथा अदालतको आदेश अटेर गरी अपहेलना गरेको भन्ने नदेखिँदा पुनरावेदकको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः कमलराज विष्ट
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६९ साल मंसिर ७ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको पुनरावेदन नं. ०६७-CI-०५१७, लेनदेन, *हिराबहादुर श्रेष्ठ वि. राजेन्द्रप्रसाद चौधरी*

प्रतिवादीले वादी दावीको लिखत आफूले गरिदिएको होइन भन्ने व्यहोराको प्रतिउत्तर लगाई कीर्ते लिखत खडा गर्नेलाई आवश्यक कारवाही गरिपाऊँ भनी अ.बं. ७८ नं. बमोजिम सनाखत बयान गर्दा उल्लेख गरेको अवस्थामा शुरू अदालतबाट सर्वप्रथम लिखत सद्दे वा कीर्ते के हो, सोको यकीन नामाकरण गरी मात्र फैसला गर्नुपर्नेमा लिखत यकीन नै नगरी फैसला गरेको देखियो । यस्तो अवस्थामा उक्त फैसला बदर गरी लिखतको यकीन नामाकरण गरी पुनः कानूनअनुसार ठहरेबमोजिम फैसला गर्नु भनी मिसिल शुरू जिल्ला अदालतमा पठाउने गरी पुनरावेदन अदालत, राजविराजबाट भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः कमलराज विष्ट
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६९ साल मंसिर ७ गते रोज ५ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** रिट नं. २०६५-WO-०१३३, उत्प्रेषण समेत, *श्याम मल्ल वि. उदयपुर सिमेन्ट उद्योग लि. जलजले, उदयपुर समेत*

उदयपुर सिमेन्ट उद्योग लि. का लागि कोइला आपूर्तिको मूल्य घटाघटमा रिट निवेदक पनि सहभागी भएको भन्ने रिट निवेदकले विपक्षी उद्योगसमक्ष मिति २०६५।१।१६ मा पेश गरेको निवेदन र विपक्षीले खडा गरेको बोलपत्रदाताको विवरणमा उल्लेख भएबाट देखिन्छ । विपक्षीले नियमित कारोवारको सिलसिलामा राखेको विवरण (अभिलेख)लाई प्रमाणको रूपमा लिन हुने नै हुँदा विपक्षी उदयपुर सिमेन्ट उद्योगको Non-cooking Coal आपूर्ति गर्ने टेण्डरमा सहभागी भएका बोलपत्रदाताको क्रमानुसार कोइला आपूर्तिको सम्झौता गर्न पत्राचार गर्दा उपस्थित नभएको अवस्थामा बिड बण्ड जफत गरी त्यसपछिको क्रममा रहेको अर्को कम्पनीसँग सम्झौता गर्नुपर्ने विपक्षी सिमेन्ट उद्योगको नियमावलीमा व्यवस्था रहेकोले सोअनुसार विपक्षीले मिति २०६५।४।६ मा गरेको निर्णय तथा कामकारवाही उक्त उद्योगको आर्थिक विनियमावली, सार्वजनिक खरीद ऐन, २०६३ को व्यवस्था र बोलपत्र सूचनाका शर्तअनुकूल नै भए गरेको देखिएको हुनाले विपक्षी उद्योगले रिट निवेदकले पेश गरेको विडबण्ड

जफत गर्ने निर्णय तथा कामकारवाही बदर गर्नुपर्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः महेन्द्र पोखरेल
कम्प्युटरः धनबहादुर गुरुङ
इति संवत् २०६९ साल असोज १६ गते रोज ३ शुभम् ।
यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- रिट नं. २०६६-WO-०९५९, उत्प्रेषण समेत, *श्याम मल्ल वि. उदयपुर सिमेन्ट उद्योग लिमिटेड, जलजले उदयपुर समेत*
- रिट नं. २०६६-WO-०९६०, उत्प्रेषण समेत, *श्याम मल्ल वि. उदयपुर सिमेन्ट उद्योग लिमिटेड, जलजले उदयपुर समेत*

२

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको फौ.पु.नं. ०६७-CR-०८२२, अदालतको अपहेलना, *रमेशप्रसाद यादव समेत वि. सहकारी संस्था लि. हरिनगर गा.वि.स. वडा नं. ७, हरिनगर, सुनसरी समेत*

अदालतबाट आदेश भइसकेपश्चात् विपक्षी सहकारी सस्थाले सुनसरी जिल्ला अदालतको फैसलाअनुसार सहकारी संस्थामा रहेको जग्गा ३ (तीन) जना अंशियारले पाउने भनी निर्णय भएकोले सोहीअनुसार यी निवेदकहरू संस्थामा आए पास गरी दिने भनी मिति २०६६।११।२५ मा निर्णय गरी मौकामा आदेशबमोजिमको निकास दिएको तथ्य मिसिल संलग्न सहकारी संस्था लिमिटेड हरिनगर, सुनसरीको बैठकको निर्णयको प्रतिलिपिबाट देखिन्छ । उक्त निर्णयबाट विपक्षी सहकारी संस्थाबाट पुनरावेदन अदालत, विराटनगरको मिति २०६६।४।१२ को आदेशको पालना भइसकेको देखिएकोले अदालतको निर्णयबमोजिमको समयमा नै निकास दिई अदालतको आदेशको पालना भैरहेको अवस्थामा आदेशको अवज्ञा भनी विपक्षीहरूलाई सजाय गर्नु न्यासम्मत नहुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल
इति संवत् २०६९ साल असोज २५ गते रोज ५ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६४ सालको फौ.पु.नं. ०२१०, ०२६३, ०३९३, भ्रष्टाचार, *ध्रुवराज रेग्मी वि. नेपाल सरकार, राजु लामा वि. नेपाल सरकार, नेपाल सरकार वि. राजुलाल शर्मा समेत*

प्रतिवादीहरूले गैरकानूनी लाभ प्राप्त गर्ने उद्देश्यले बद्नियतपूर्वक सवारी सरूवा दर्ता गरेको कुरा प्रमाणित हुन सकेको अवस्था देखिँदैन । गैरकानूनी लाभ प्राप्त नगरेको अवस्थामा भएको कार्य बद्नियतपूर्वक नै गरेको भन्न सकिने स्थिति पनि रहँदैन । अभियुक्तले गैरकानूनी रकम लिनुखानु गरेको अथवा कुनै लाभ प्राप्त गरेको नदेखिएसम्म निजले गरेको काम बद्नियतपूर्वक हो भन्न अनुमान मात्र हुन जान्छ । त्यसैगरी न्यायको सर्वमान्य सिद्धान्तअनुसार अनुमानको भरमा कसूर कायम गर्न मिल्ने हुँदैन । त्यसकारण पुनरावेदक प्रतिवादीहरूले बद्नियतपूर्वक सवारी नामसारी दर्ता गर्ने कार्य गरेको भन्न सकिने अवस्था देखिन नआउने ।

२०६३।१०।४ को निर्णयअनुरूप विवादित लु. १ ज. ६६५ नं. को सवारी साधनबापतको भन्सार महसूललगायतको दस्तूर रू. ७२,८५३।- सवारी धनी कृष्णप्रसाद पौडेलले तिरि बुझाइसकेको भन्ने मिसिल संलग्न कागजातहरूबाट पुष्टि भइरहेको देखिन आउँछ । मन्त्रिपरिषद् समेतको निर्णयअनुसार विवादित लु. अ. १ ज. ६६५ नं. को गाडीको भन्सार महसूल तिर्ने बुझाउने कार्य भएको तथ्यप्रति अभियोजन पक्षको अन्यथा दावी जिकीर भएको समेत देखिएन । अख्तियारप्राप्त निकायको निर्णयानुसार चोरी पैठारी भएको भनिएको लु.अ. ज. ६६५ नं. को सवारीको कानूनबमोजिम लाग्ने भन्सार तथा महसूल असूलउपर भैसकेको अवस्थामा अब नेपाल सरकारको राजश्व हानि नोक्सानी भएको भन्न मिल्ने स्थिति देखिन नआउने ।

प्रतिवादीहरू राजुलाल शर्मा र ध्रुवराज रेग्मीले आरोपित कसूर गरेका हुन् भनी जिकीर

दावी लिँदैमा मात्र पुग्दैन । उक्त तथ्य स्थापित गर्न सक्नुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा यी प्रतिवादीहरू राजुलाल शर्मा र ध्रुवराज रेग्मीले बद्नियतपूर्वक आरोपित कसूर गरेका हुन् भनी वादी पक्षले शंकारहित तवरले पुष्टि गराउन सकेको नपाइँदा प्रतिवादीहरू राजुलाल शर्मा र ध्रुवराज रेग्मीले अभियोग दावीबाट सफाइ पाउने ।

प्रतिवादी अस्मीलाल कँडेललाई विशेष अदालतबाट तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ बमोजिम कसूर ठहऱ्याई सोही ऐनको दफा २९(२) बमोजिम रू. ५०००।- जरीवाना ठहऱ्याएकोमा चित्त बुझाई बसेको मिसिल संलग्न प्रमाण कागजातबाट देखिन्छ । निजलाई पनि बिगोबमोजिम जरीवाना हुनुपर्छ भन्ने वादी पक्षको माग दावी रहेको देखिए पनि माथि उल्लेख भएअनुरूप मन्त्रिपरिषद्को मिति २०६३।५।६ को र अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६३।१०।४ को निर्णयअनुसार बिगो असूल गरी बिगोबमोजिम जरीवाना हुनसक्ने अवस्था देखिँदा थप विवेचना गरिरहन नपर्ने ।

प्रतिवादी छविलाल कँडेलले विवादित सवारीहरू दर्ताको लागि मतियारको भूमिका खेलेको भनी निजउपर आरोप रहेको भए तापनि निजले सो आरोप इन्कार गरी बयान गरेको र विवादित सवारी साधनको ब्लुबुकको सवारी धनी उल्लिखित स्थानमा हस्ते भनी सहीसम्म गरेको कार्य बाहेक अन्य अवस्थामा प्रस्तुत सवारी दर्ता गर्ने कार्यमा निजको सहभागिता रहेको मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन नसकेकोले निजलाई अभियोग दावीबमोजिम सजाय समेत हुनु पर्दछ भन्ने दावी जिकीरसँग सहमत हुन नसकिएको हो । प्रतिवादी अस्मीलाल कँडेललाई तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ बमोजिम कसूर ठहऱ्याई सोही ऐनको दफा २९(२) बमोजिम रू. ५,०००।- जरीवाना गरेको प्रतिवादी छविलाल कँडेललाई कसूरबाट सफाइ दिएको र गाडी जफत एवं बिगोतर्फको दावीको हकमा मन्त्रिपरिषद्को मिति २०६३।५।६ को निर्णयबमोजिम सम्बन्धित भन्सार कार्यालयबाट आवश्यक कारवाही हुने भन्ने विशेष अदालत, काठमाडौंको मिति मिति २०६४।३।३२ को फैसला सो हदसम्म सदर हुने र अन्य प्रतिवादीहरू राजुलाल शर्मा र ध्रुवराज रेग्मीको हकमा विशेष अदालत, काठमाडौंको मिति २०६४।३।३२ को फैसला केही उल्टी भै यी दुबैजनाले अभियोग दावीबाट सफाइ पाउने ।

इजलास अधिकृतः विद्याराज पौडेल

कम्प्युटरः मुक्ता प्याकुरेल

इति संवत् २०६९ साल असार २६ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६४-CR-०२६२, ०३९७, ०६२६, ०३२६, भ्रष्टाचार, *मोहनबहादुर हमाल वि. नेपाल सरकार, नेपाल सरकार वि. रमण श्रेष्ठसमेत*

सवारी साधन दर्ता गर्ने क्रममा सवारी साधनको स्पेशिफिकेशन नै परिवर्तन गर्ने, कामै नलाग्ने अवस्थामा लिलाम भएको सवारी साधनको सोही नम्बर प्रयोग गरी चोरी निकासी गरी ल्याएको सवारी दर्ता गर्ने, लिलाम सकार नगरेको सवारीसाधनलाई लिलाम सकार गरेको भनी दर्ता तथा नामसारी गर्ने, एउटा व्यक्तिले लिलाम गरेको सो सवारीको सो नम्बर प्रयोग गरी दूषित रूपमा सवारी साधन दर्ता गरेको तथ्य विभिन्न घटनाक्रमबाट देखिन आएको छ । यस्तै विवाद समावेश भएको नेपाल सरकार विरूद्ध नारदमणि काफ्लेसमेत भएको गैरकानूनी सवारी साधन दर्ता भ्रष्टाचार मुद्दामा "आफूले अनिवार्य रूपमा बुझ्नुपर्ने आवश्यक प्रमाण नबुझी कुनै स्रेस्ता वा प्रमाणबाट पुष्टि नभएको विवरण उल्लेख गरी गाडी नामसारीको निर्णय गर्ने कामकारवाहीमा बद्नियत थिएन भन्न सकिने आधार नदेखिने" (*नेकाप* २०६८, नि.नं. ८६९३ पृष्ठ १६३४) भनी प्रतिपादित भएको सिद्धान्त यस मुद्दामासमेत आकर्षित हुने नै देखिँदा यसरी एकाले लिलाममा सकार गरेको सवारी साधनको सोही नम्बर प्रयोग गरी चोरी निकासी गरी ल्याएको जीप दर्ता नामसारी गरिएको कार्य बद्नियतसाथ भए गरेको देखिँदा प्रतिवादीहरू रमण श्रेष्ठ, मोहनबहादुर हमाल र हरिशरण फुँयाललाई तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) बमोजिमको कसूरमा र छविलाल कँडेललाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ बमोजिमको कसूरमा

सोही ऐनको दफा २९(२) बमोजिम जनही रू. ५०००।- (पाँच हजार) जरीवाना हुने ।
इजलास अधिकृतः रामप्रसाद भट्टराई
कम्प्युटरः सविना अधिकारी
इति संवत् २०६९ साल भदौ २५ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६ सालको ०६७-CR-०६७५, कर्तव्य ज्यान, *यमनाथ खनाल वि. नेपाल सरकार*

जाहेरवालाको किटानी जाहेरी दरखास्त र अदालतमा आई सोही किटानी जाहेरीलाई समर्थन गर्दै गरिदिएको बकपत्र, पुनरावेदक प्रतिवादी यमनाथ खनाल स्ययंले अनुसन्धान अधिकारी र अदालतसमक्ष कसूरमा सावित भई गरेको बयान, अनुसन्धान अधिकारीसमक्ष मौकामा कागज गरिदिने मानिसहरूको प्रतिवादी यमनाथ खनालले कसूर गरेको हो भन्ने किटानी भनाई र सोलाई अदालतमा आई समर्थन गर्दै गरिदिएको बकपत्र तथा शव परीक्षण प्रतिवेदन समेतका आधारमा पुनरावेदक प्रतिवादी यमनाथ खनालको कर्तव्यबाट नै मृतक लक्ष्मीप्रसाद पोखरेलको मृत्यु भएको देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. बमोजिमको कसूरमा ऐ.को १३.(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।
इजलास अधिकृतः ईश्वरीप्रसाद गौतम
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६९ साल कात्तिक १५ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको ०६६-CR-०७८३, ०७९७, ०८०७, लागू औषध, *कुमार स्याङ्बो वि. नेपाल सरकार, प्रेमलाल ब्लोन वि. नेपाल सरकार, शंकर ब्लोन वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी कुमार स्याङबो, शंकर ब्लोन र प्रेमलाल ब्लोन अदालतमा आई बयान गर्दा इन्कारी गरी बयान गरेको देखिए तापनि अधिकारप्राप्त अधिकारीसमक्ष मौकामा गरेको बयानमा साविती भई बयान गरेको देखिएको र मिति २०६३।८।२७ मा भएको बरामदीअनुसार यी प्रतिवादी कुमार स्याङ्बोको साथबाट ५०० ग्राम लागू औषध हेरोइन बरामद भएको र उक्त मुचुल्कालाई पुनरावेदक प्रतिवादी कुमार स्याङ्बोले अन्यथा भन्न सकेको अवस्था पनि नदेखिँदा पुनरावेदक प्रतिवादीहरू कुमार स्याङ्बो, शङ्कर ब्लोन र प्रेमलाल ब्लोन समेतले अभियोग दावीअनुसारको कसूर गरेको कुरा पुष्ट्याई हुन आएकोले निज प्रतिवादीहरूलाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ) (च) को कसूर गरेको देखिँदा सोही ऐनको दफा १४(१)(छ) (३) बमोजिम जनही १५ वर्ष कैद र पाँच लाख जरीवाना हुने ।
इजलास अधिकृतः ईश्वरीप्रसाद गौतम
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६९ साल कात्तिक १५ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६८ सालको ०६८-CR-०१२२, कर्तव्य ज्यान, *नाइटे कामी वि. नेपाल सरकार*

मृतकको मृत्यु प्रतिवादी नाइटे कामीको खुकुरी प्रहारबाट भएको हो भनी किटानीसाथ बकपत्र समेत गरिरहेको अवस्था र मृतकले प्रतिवादीको घरको बान्नो भत्काई श्रीमतीलाई हातपात समेत गरेको र निज पुनरावेदक उक्त समयमा घटनास्थलमा नै रहिरहेको भन्ने देखिँदा मृतकको मृत्यु पिँढीमा सुकाई राखिएको खुकुरीमा लडी टाउकोमा चोट लागी सोही कारणबाट निज मृतक सुन्दर मकरेको मृत्यु भएको हो भन्ने जिकीरसँग सहमत हुन सक्ने अवस्था नदेखिँदा पुनरावेदन अदालत, बाग्लुङ्गले शुरू बाग्लुङ्ग जिल्ला अदालतबाट निज पुनरावेदक प्रतिवादी नाइटे कामीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

अ.बं. १८८ नं. को प्रयोग हर अवस्थामा गरिने होइन । कुनै कुनै बुँदामा अभियुक्तलाई जन्मकैद गर्दा चर्को देखिने कुनै आधार कारण न्यायकर्ताले देखेमा मात्र प्रयोग भई सही न्याय दिने एकै प्रविधि हो । खुकुरी जस्तो सांघातिक हतियार टाउको जस्तो संवेदनशील भागमा प्रहार गर्ने जस्तो कार्य भएकोमा त्यसरी सजाय चर्को हुन्छकी भनी द्विविधा हुने स्थिति नै देखिंदैन । यदि

सबै अवस्थामा अ.बं. १८८ नं. प्रयोग गर्दै जाने हो भने यसको सही सदुपयोग नभई दुरूपयोग हुन जाने र जस्तोसुकै कसूर गर्ने कसूरदारले पनि छुट पाउनसक्ने सम्भावना हुने देखिँदा निज प्रतिवादी नाइटे कामीलाई ८(आठ) वर्ष मात्र सजाय हुनुपर्ने भन्ने पुनरावेदन अदालत, बाग्लुङ्गको रायसँग सहमत हुन नसकिने ।

इजलास अधिकृतः ईश्वरीप्रसाद गौतम
कम्प्युटरः चन्द्रा तिमिल्सिना
इति संवत् २०६९ साल कात्तिक १५ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६ सालको ०६६-CR-०४७२, कर्तव्य ज्यान, *दावा लामा वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी दावा लामाले अधिकारप्राप्त अधिकारी तथा अदालतमा गरेको साविती बयान, जाहेरवालाको किटानी जाहेरी तथा अदालतमा उपस्थित भै गरेको बकपत्र, वस्तुस्थिति मुचुल्कामा उल्लिखित मानिसले अदालतमा आई गरिदिएको किटानी बकपत्र तथा शव परीक्षण प्रतिवेदन (Autopsy Report) समेतका आधारमा मृतक कान्छी लामाको मृत्यु पुनरावेदक प्रतिवादी दावा लामाले दाउराले टाउकोमा प्रहार गरेको कारणबाट भएको हो भन्ने कुरामा विवाद नदेखिने हुँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसूरमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

प्रतिवादी दावा लामाले आफ्नी श्रीमती कान्छी लामालाई मार्नुपर्नेसम्मको पूर्व रिसइवी वा मनसाय रहे भएको कुरा कहीँ कतैबाट देखिन नआएको र निज आफू मानसिक रोगी भएको कारणबाट सुतिरहेकी श्रीमतीलाई दाउराले हानी घाइते बनाई सोही कारणबाट अस्पतालमा उपचार गराउँदा गराउँदै मृत्यु भएको कुरालाई स्वीकार गरिरहेको तथा जाहेरवालाले आफ्नो जाहेरीमा पनि यी पुनरावेदक प्रतिवादी दावा लामा करीव १ वर्ष पहिले मानसिक असन्तुलनको बिरामी भएकोले गाउँ घरमा नै धामी झाँक्रीबाट झारफुक समेत गर्दा ठीक भएको र केही दिनदेखि पुनः बिरामी भएको भनी उल्लेख गरेको देखिँदा प्रतिवादी दावा लामालाई शुरू पर्सा जिल्ला अदालतबाट मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसूरमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्ने भनी निज पुनरावेदक प्रतिवादीलाई ५ वर्ष मात्र कैदको सजाय हुन भनी मुलुकी ऐन, अ.बं. को १८८ नं. बमोजिमको राय लगाई गरेको फैसला सदर हुने ।

इजलास अधिकृतः ईश्वरीप्रसाद गौतम
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६९ साल कात्तिक १५ गते रोज ४ शुभम् ।

## एकल इजलास

१

**मा.न्या.श्री प्रकाश वस्ती,** २०६९-WO-०४२८, उत्प्रेषण, *राकेशदास हलुवाई वि. महान्याधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं समेत*

पसल थापी बस्ने व्यक्तिको ठेगाना निजले परिवर्तनको सूचना नदिएको अवस्थामा निजले बयान गर्दा उल्लेख गरेको ठेगानालाई नै मान्नुपर्ने हुन्छ । अदालतमा भएको बयानकै ठेगानामा गरिएको तामेलीलाई अन्यथा भन्न मिलेन । अभियोगपत्र पछि भएको बयानमा निजले नै उल्लेख गरेको ठेगानालाई पछिल्लो र आधिकारिक मान्नुपर्ने हुँदा पुनरावेदन अदालत, इलामले निवेदकले आफ्नो शुरू अदालतको बयानमा उल्लेख गरेकै वतनमा म्याद तामेल गरेको र सोही ठेगाना उल्लेख गरी फैसला गरेको पाइँदा एउटा साधिकार निकायले गरेको कानूनसम्मत् कार्यबाट निवेदक विरूद्ध फैसला भई कैद सजाय भुक्तान गरिरहेको अवस्थामा मागबमोजिम प्रारम्भिक रूपमा नै कुनै कानूनी त्रुटि नदेखिएको कारणबाट रिट जारी हुन नसक्ने हुँदा कारण देखाउ आदेश जारी हुन सक्दैन । तसर्थ, रिट निवेदन नै खारेज हुने ।

इजलास अधिकृतः परशुराम भट्टराई
कम्प्युटरः भवानी ढुंगाना
इति संवत् २०६९ साल मांघ २ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको २०६९-WO-००२७, बन्दीप्रत्यक्षीकरण, *राकेदास हलुवाई वि.*

*महान्याधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

२

**मा.न्या.श्री प्रकाश वस्ती,** २०६९-WO-०५९८, उत्प्रेषण, *धीरज राई वि. पवित्रा मोक्तान समेत*

प्रमाणबाट जे जो हुनुपर्ने हो साधारण अधिकारक्षेत्रबाटै निर्णय हुने र कानूजबमोजिम साधिकार निकायबाट भैरहेको मुद्दाको प्रक्रियालाई प्रभाव पर्ने गरी असाधारण अधिकारक्षेत्रबाट हस्तक्षेप गर्ने अवस्था रहँदैन । मुद्दाका आवश्यक सम्झी शुरू अदालतले गरेको आदेशबाटै निवेदकको सम्पत्तिसम्बन्धी मौलिक हक नै अपहरित भएको मान्न मिल्ने स्थिति हुँदैन । जिल्ला अदालतको आदेशलाई सुधारात्मक क्षेत्राधिकार प्रयोग गरी पुनरावेदन अदालतले परीक्षण गर्दा उचित मानिसकेको स्थितिमा कानूनको ठाडो त्रुटि देखिएको अवस्थामा बाहेक सर्वोच्च अदालतबाट हस्तक्षेप गर्न उचित नहुने ।

इजलास अधिकृतः परशुराम भट्टराई
कम्प्युटरः भवानी ढुंगाना
इति संवत् २०६९ साल मंसिर २७ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती,** २०६९-WO-०७३२, उत्प्रेषण, *सुविना सुवेदी वि. जलेश्वर नगरपालिकाको कार्यालय, महोत्तरी, जलेश्वर समेत*

आफू स्वयं सरिक रहेको बोलपत्र प्रक्रियाको कागजातको नक्कल पाइन भनेर सो आर्थिक वर्ष समाप्त भैसकेको अवस्थामा दायर हुन आएको प्रस्तुत मुद्दा बिलम्ब गरी पर्न आएको देखिँदा कारण देखाउ आदेश जारी हुन नसकी रिट निवेदन नै खारेज हुने ।

इजलास अधिकृतः परशुराम भट्टराई
कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६९ साल माघ २ गते रोज ३ शुभम् ।

## रायबाझी फैसला

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री कमलनारायण दास,** २०६६ सालको दे.पु.नं. ०६६-CI-०२१५, अंश, *धनप्रसाद आचार्य वि. देवीकन्या आचार्य*

**मा.न्या. श्री सुशीला कार्कीको रायः**

प्रतिवादीको नाममा कुनै जग्गा राजीनामा गरिलिएको भए अन्यथा प्रमाणित नभएसम्म सगोलको मान्न सकिन्छ । तर यी प्रतिवादीको परिवार माओवादी द्वन्दकालमा जुम्लाबाट लखेटिएको द्वन्दपीडित हो भन्ने कुरामा मुख मिलेको अवस्थाको विद्यमानता छ । यो सत्य तथ्यलाई पुनरावेदकले स्वीकार गरेका छन् तथापि यी पुनरावेदकले सडक विभागमा नोकरी गरी यद्यपि काठमाडौंमा बेगल बसेका व्यक्ति निजले आफ्नो तर्फबाट खरीद गरेको घडेरी आफूखुशी बिक्रीसमेत गरेको मिसिल संलग्न कागजबाट देखिएको अवस्थासमेत छ । जागीर साविकदेखि खाइपाई आएका ठाउँठाउँमा बसेका यी पुनरावेदक र माओवादी द्वन्दकालमा साविकको बसोबास जुम्लाबाट विस्थापित भई सन्तानहरू लिई हिँडेकी यी प्रतिवादीको पति परिवार भएको अवस्थामा यी प्रतिवादी देवीकन्याले विवादित घडेरी जग्गा बसोबासको निमित्त नगर विकासको शर्त पालना गर्दै आफ्ना तर्फबाट नगद दिई कसैलाई बेचबिखन नगर्ने, बण्डा नगर्ने शर्तमा नगर विकासबाट प्राप्त गरेको घडेरी जग्गा हो । जुन अन्य राजीनामा कारोवारबाट नभई नगर विकासले दिएको प्रक्रिया पुऱ्याई पूर्णतः निजी तवरबाट सुकुम्बासीको रूपमा पाएको घडेरी हुँदा र उक्त कि.नं. ८९ को घडेरी खरीद गर्दा यी पुनरावेदकको पनि लगानी थियो भन्ने कुरा पनि कुनै प्रमाणबाट पुष्टि भएको नदेखिएको हुँदा पुनरावेदन अदालत, नेपालगञ्जको फैसला मिलेकै देखिँदा त्यसमा कुनै परिवर्तन गरिरहनु नपन हुँदा सदर हुने ।

**मा.न्या. श्री कमलनारायण दासको रायः**

यस अदालत संयुक्त इजालासबाट रेवती श्रेष्ठ विरूद्ध अमरध्वज श्रेष्ठ भएको मिलापत्र बदर

मुद्दामा "अंशबण्डा र मानो छुट्टिएको प्रमाणको अभावमा अंशियारको नाममा निर्माण भएको घरलाई अन्यथा प्रमाणित हुन नसकेको अवस्थामा प्रमाण ऐन, २०३१ को दफा ६ समेतको आधारमा सगोलको नै मान्नुपर्ने" भन्ने र त्यस्तै यस अदालत पूर्ण इजलासबाट पार्वतीदेवी बनेनीको मु.स. गर्ने सावित्रीदेवी बानियाँ विरूद्ध रामगोपाल वैश्य समेत भएको अंश मुद्दामा "दाइजो पेवा वा निजी आर्जनको सम्पत्ति हो भनी जिकीर लिने पक्षले सो जिकीरको समर्थनमा वस्तुनिष्ठ प्रमाण पेश गरी प्रमाणित गराउन सक्नुपर्ने" भन्ने र त्यस्तै " तायदाती साथ पेश गरिएका कागजातले आफ्नो निजी ज्ञान शीप वा प्रयासबाट सम्पत्ति आर्जन गरेको भन्ने तथ्य प्रमाणित भएको भन्ने नदेखिई राजीनामा लिखत समेतबाट सम्पत्ति खरीद गरिदिएको देखिएकाले अंशियारको अंशियारहरू एकासगोलमा रहेको अवस्थामा कुनै अंशियारका नाममा खरीद भएकै कारणले त्यस्तो सम्पत्ति निजको मात्र निजी आर्जनको हो भनी प्रमाण ऐन, २०३१ को दफा ६(क) बमोजिम अन्यथा प्रमाणित नभएसम्म अनुमान गर्न नमिल्ने" भनी (*नेकाप* २०६७, अङ्क ९, नि.नं. ८४५४, पृष्ठ १४६३) को मुद्दामा सिद्धान्त कायम भैरहेको अवस्थामा यी पुनरावेदकलाई अंशजस्तो नैसर्गिक अधिकारबाट बञ्चित गराउने गरी भएको पुनरावेदन अदालत, नेपालगञ्जको फैसला मिलेको नदेखिँदा सो हदसम्म उल्टी भै उल्लिखित कि.नं. ८९ नं. को जग्गा समेतबाट वादीले अंश पाउने ठहर्छ । पुनरावेदन अदालत, नेपालगञ्जको फैसला सदर हुने ठहर्‍याएको माननीय न्यायाधीश सुशीला कार्कीको रायसँग सहमत नभएकोले सर्वोच्च अदालत नियमावली, २०४९ मो नियम ३(१)(क) बमोजिम प्रस्तुत मुद्दाको संयुक्त इजलासको लगत कट्टा गरी पूर्ण इजलासमा पेश गर्नू ।

इजलास अधिकृतः हेमबहादुर सेन
कम्प्युटरः भवानी ढुङ्गाना

इति संवत् २०६९ साल भदौ २७ गते रोज ४ शुभम् ।

## रीत/वेरीत आदेश

१

**मा.न्या.श्री रामकुमार प्रसाद साह र मा.न्या.श्री कल्याण श्रेष्ठ,** ०६९-RE-००४३, जवर्जस्ती करणी, *मुना पराजुली समेत वि. नेपाल सरकार*

यसमा पीडितको कागज समेतका तत्काल प्राप्त प्रमाणको आधारमा निवेदक प्रतिवादीहरू कसूरदार होइनन् भन्ने विश्वास गर्ने मनासिब आधार देखिन नआएकोले पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा मुद्दा पुर्पक्षको लागि प्रतिवादीहरूलाई थुनामा राख्ने गरी भएको त्यस अदालतको आदेशलाई सदर गरेको पुनरावेदन अदालत, पाटनको आदेशसमेतमा कुनै कानूनी त्रुटि विद्यमान रहेको नदेखिँदा परिवर्तन गरिरहन परेन, कानूनबमोजिम गर्नू ।

इति संवत् २०६९ साल फागुन २ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद साह र मा.न्या.श्री सुशीला कार्की,** ०६९-RE-००७०, नागरिकता, *नेपाल सरकार वि. रामएकवाल दास वैरागी*

यसमा यी प्रतिवादीहरूले आफ्नो गुरुलाई बाबु देखाई नागरिकता लिएको बदर भए पनि निज नेपाली नागरिक आमा टेटी यादवनीको छोरा रहको देखिएको समेत परिप्रेक्ष्यमा निजलाई पुर्पक्षको निमित्त धरौट लिई तारिखमा राखेको पु.वे.अ. हेटौंडाको २०६९।२।११ को आदेश मनासिब हुँदा परिवर्तन गर्नु परेन । कानूनबमोजिम गर्नू ।

इति संवत् २०६९ साल माघ २६ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद साह र मा.न्या.श्री सुशीला कार्की,** ०६९-RE-०१६३, भ्रष्टाचार, *लीलादेवी कटुवाल वि. नेपाल सरकार*

यसमा सर्वोच्च अदालतसमेतको फैसलाले तोकेको दण्ड सजाय र जफतसम्बन्धी कुराहरू कार्यान्वयन हुन बाँकी रहेको अवस्थामा जेथा जमानी फुकुवा गर्न नमिल्ने गरी विशेष अदालतका रजिष्ट्रारबाट २०६९।७।१९ मा गरेको आदेशलाई सदर

गरेको विशेष अदालत, काठमाडौंको २०६९।८।११।२ को आदेश मिलेकै देखिँदा कुनै परिवर्तन गरिरहनु परेन । कानूनबमोजिम गर्नू ।

इति संवत् २०६९ साल माघ २६ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद साह र मा.न्या.श्री सुशीला कार्की,** २०६९-WO-०२५३, लिलाम मुचुल्का बदर, *भीष्ममान श्रेष्ठ वि. लुम्बिनी बैंक लिमिटेड*

यसमा निवेदकले बैंकमा धितो राखेको जग्गा र अन्य सम्पत्ति बैंक आफैले सकार गरी लिएउपर लिलाम बदरसमेत मुद्दा परी काठमाडौं जिल्ला अदालत र पुनरावेदन अदालत पाटनबाट फैसला भएउपर यी निवेदकको यस अदालतमा 2069–CI–0453 को पुनरावेदन विचाराधीन रहेको सम्बन्धित मिसिलबाट देखिन्छ । लिलाम मुचुल्का मुद्दाको पुनरावेदन यस अदालतमा विचाराधीन रहेको अवस्थामा विवादित सम्पत्ति सकार गरी लिने प्रत्यर्थी बैंकले गैह्र बैंकिङ्ग सम्पत्ति भनी बेचबिखन वा अन्य प्रकारले हस्तान्तरण गरी दिन सक्ने सम्भावना देखाई उक्त जग्गा रोक्का राखी पाउन माग गरेकोमा शुरू तह र पुनरावेदन तहमा रोक्काको लागि कारवाही नगरेको भनी रोक्का राख्न इन्कार गरिएको देखिन्छ । अ.बं. १७१क नं. मा चल अचल सम्पत्ति दावी भएको मुद्दामा विवादित सम्पत्ति यथास्थितिमा राखी मुद्दा किनारा नभएसम्मको लागि वादीको दावी पुग्न सक्ने देखिएमा रोक्का गर्न वा उपयुक्त आदेश जारी गर्न सक्ने व्यवस्था रहेको पाइन्छ । तर रोक्का राख्न नमिल्ने कुनै कानूनी आधार उल्लेख नगरी तल्लो तहको अदालतमा कारवाही नचलाएको भन्ने मात्र कारण देखाई रोक्का राख्न इन्कार गरेको आदेश उक्त कानूनी व्यवस्थाअनुकूल नहुँदा सो आदेश बदर गरिदिएको छ । मुद्दा चल्दाचल्दैको अवस्थामा दावी गरिएको सम्पत्ति कुनै प्रकारले हक हस्तान्तरण भएमा मुद्दाका पक्षले हैरानी व्यहोर्नुको अलावा त्यस्तो हस्तान्तरण कानूनसंगत् पनि नहुने भनी सिद्धान्त प्रतिपादन भैरहेको परिप्रेक्ष्यमा यस अदालतमा मुद्दा बिचाराधीन रहेकोले अ.बं. १७१क नं. बमोजिम मुद्दामा दावी गरिएको अचल सम्पत्ति रोक्का राख्न मिल्ने नै हुँदा उक्त पुनरावेदन पत्रमा उल्लेख भएको कि.नं. ३२७ को १-५-४ जग्गा सो पुनरावेदन किनारा नभएसम्म बेचबिखन वा हक हस्तान्तरण समेत नगर्नु भनी अ.बं. १७१क नं. बमोजिम रोक्का राखी अरूमा कानूनबमोजिम गर्नू ।

इति संवत् २०६९ साल माघ २६ गते रोज ६ शुभम् ।

## अन्तरिम आदेश

१

**मा.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री सुशीला कार्की,** ०६९-WO-०७६९, उत्प्रेषण, परमादेश समेत, *केशव स्थापित वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

यसमा निवेदक केशव स्थापितलाई काठमाडौ उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा १७.१ बमोजिम मिति २०६९।१।१७ मा बढीमा पाँच वर्षको लागि विकास आयुक्तको पदमा नियुक्ति गरिएको तथा नेपाल सरकारले मिति २०६९।१०।४ को निर्णयबमोजिम छानवीन समितिको सुझाव तथा प्राधिकरणको सिफारिसमा विकास आयुक्तको पदबाट अवकाश दिएको देखिन्छ । काठमाडौ उपत्यका विकास प्राधिकरण नियमावली, २०६८ को नियम २४.१ बमोजिम विकास आयुक्तले आफ्नो पदअनुरूपको जिम्मेवारी पूरा नगरेमा वा निजमा कार्यक्षमताको अभाव भएमा प्राधिकरणले सो सम्बन्धमा जाँचबुझ गर्न छानवीन समिति गठन गर्न सक्ने तथा नियम २४.२ बमोजिम छानवीन समितिले निजलाई विकास आयुक्तको पदबाट हटाउने सुझाव दिएमा प्राधिकरणको सिफारिशमा नेपाल सरकारले निजलाई पदबाट हटाउन सक्ने कानूनी व्यवस्था रहेको पाइन्छ । निजलाई पदबाट हटाउने सम्बन्धमा भएको निर्णयसम्बन्धी फाइल हेर्दा काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा १३ द्वारा गठन भएको काठमाडौं उपत्यका भौतिक विकास समितिको अध्यक्ष सम्माननीय प्रधानमन्त्री एवं शहरी विकास मन्त्रीको अध्यक्षतामा भौतिक योजना मन्त्री समेत भएको उक्त समितिले मिति २०६९।९।८ मा निर्णय गरी निज विकास आयुक्तले आफ्नो

पदअनुरूपको जिम्मेवारी पूरा गरे नगरेको सम्बन्धमा काठमाडौं उपत्यका विकास प्राधिकरण नियमावली, २०६८ को नियम २४ बमोजिम जाँचबुझ गरी सुझाव दिन छानबीन समिति गठन भएको र सो छानवीन समितिले मिति २०६८।९।२६ गते निजलाई ऐ नियम २४.२ बमोजिम विकास आयुक्तको कार्यकारी पदबाट हटाउन सुझाव दिएकोले काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा १७.२ बमोजिम पदबाट हटाउन नेपाल सरकारसमक्ष सिफारिश गर्ने निर्णय गरिएको देखिन्छ ।

काठमाडौ उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा १३ बमोजिम गठित उक्त काठमाडौं उपत्यका भौतिक विकास समितिलाई नीति निर्माण गर्ने जस्ता काम कर्तव्य मात्र तोकिएको र प्राधिकरणको कार्यकारी अधिकार प्रयोग गर्ने र कर्तव्य पालना गर्ने गरी अधिकार रहेको उक्त दफा १३ को कानूनी व्यवस्थाबाट देखिँदैन । सोको सट्टा ऐनको दफा १४ मा व्यवस्थित सञ्चालक समितिलाई यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम र विनियमबमोजिम प्राधिकरणलाई भएको सबै अधिकारको प्रयोग र कर्तव्यको पालन गर्ने गरी कानूनी व्यवस्था रहेको उक्त दफा १४.२ को पठनबाट देखिन आउँछ । सो बमोजिम विकास आयुक्तका सम्बन्धमा जाँचबुझ गर्न प्राधिकरणको अधिकार प्रयोग गर्न पाउने उक्त दफा १४ बमोजिमको सञ्चालक समितिले छानबीन समिति गठन गरेको र सो समितिले हटाउन सिफारिश गरेको नभई दफा १३ अन्तर्गतको काठमाडौं उपत्यका भौतिक विकास समितिद्वारा गठन भएको समितिले छानबीन गरेको र सोही समितिबाट हटाउन सुझाव दिएको देखिन्छ । यसरी प्राधिकरणको अधिकार प्रयोग गर्न पाउने दफा १४ बमोजिमको सञ्चालक समितिले निजलाई हटाउने सम्बन्धमा छानबीन समिति गठन नगरी सिफारिशसमेत नगरेको अवस्थामा असम्बन्धित, अनधिकृत र अधिकारबिहीन काठमाडौं उपत्यका भौतिक विकास समितिद्वारा छानबीन समिति गठन भई निजलाई विकास आयुक्तको पदबाट हटाउन सुझाव दिएको आधारमा निज निवेदकलाई पदबाट हटाउने गरी भएको नेपाल सरकारको निर्णय प्रथम दृष्टिमा नै अधिकारबिहीन रूपमा एवं कानूनको स्पष्ट प्रक्रिया र कार्यविधिको उल्लङ्घन गरी निर्णय भएको देखिन्छ । साथै निज निवेदकलाई पदबाट हटाउनु पूर्व निजलाई हटाउन पर्ने कारण सहित स्पष्टीकरणसमेत माग नगरी सुनुवाईको मौकासमेत नदिई प्राकृतिक न्यायको सिद्धान्त प्रतिकूल हुने गरी पदबाट हटाएकोसमेत देखिएकोले कानूनको उल्लङ्घन गरी गरिएको काम कारवाही र निर्णयबाट निवेदकलाई सुविधा सन्तुलनको दृष्टिबाट मर्का पर्ने देखिँदा निजलाई विकास आयुक्तको पदबाट हटाउने गरी मिति २०६९।१०।४ मा भएको निर्णय प्रस्तुत रिटको टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु नगराउनू, निजलाई पूर्ववत् आफ्नो पदको काम कर्तव्य गर्न दिनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी गरी दिएको छ । आदेश बमोजिम गर्नू भनी विपक्षीहरुलाई सूचना दिनू ।

इति संवत् २०६९ साल फागुन १४ गते रोज२ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की,** ०६९-WO-०८६८, उत्प्रेषण, *धर्म महर्जन वि. पुनरावेदन अदालत, पाटनसमेत*

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? जारी हुनु नपर्ने कुनै कारण भए सोको आधार खुलाई यो आदेश प्राप्त भएको मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र लिखितजवाफ पेश गर्नु भनी विपक्षीहरूलाई सूचना पठाउनू ।

अन्तरिम आदेशको मागका सम्बन्धमा विचार गर्दा यस अदालतको मिति २०६७।१२९ को फैसलाबमोजिम कि.नं. १११३, १११४, ११३३ र ११३४ को जग्गाबाट विवाह खर्च पर सारी बण्डा छुट्ट्याउने भनी स्पष्टरूपमा बोलिएको अवस्थामा ललितपुर जिल्ला अदालतबाट मिति २०६९।९।२ मा बण्डा छुट्ट्याउँदा उक्त फैसलाको मर्म र भावनाविपरीत हुने गरी कि.नं. ५३८, ५३९, ५४० र ७३० को जग्गाबाट विवाह खर्च पर सारिएको देखिँदा फैसलाविपरीत बण्डा छुट्ट्याउने तथा विवाह खर्च पर सार्ने गरिएको कार्यबाट निवेदकलाई

अपूरणीय क्षति पुग्न जाने देखिँदा यो रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म मिति २०६९।९।२ को बण्डा मुचुल्का तथा पुनरावेदन अदालत, पाटनको मिति २०६९।११।२ को आदेश कार्यान्वयन नगर्नु, नगराउनू भनी विपक्षीहरूको नाममा सर्वोच्च अदालत, नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ। यो आदेशको सूचना विपक्षीहरूलाई दिनू।

इति संवत् २०६९ साल फागुन १३ गते रोज १ शुभम्।

## विशेष इजलासमा पेश हुने

**मा.न्या.श्री सुशीला कार्की,** ०६९-WO-०८७२, परमादेश, *भरतमणि जंगम वि. राष्ट्रपतिको कार्यालय सितल निवाससमेत*

यसमा प्रधान न्यायाधीशलाई प्रधानमन्त्रीको पदमा नियुक्त गरेमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०६ को विपरीत हुने भनी प्रस्तुत रिट निवेदनमा र निज तर्फका विद्वान कानून व्यवसायीहरूले संवैधानिक प्रश्न र संवैधानिक विवादहरूलाई बहसको क्रममा उठाउनु भएकोले प्रस्तुत रिट निवेदनमा समावेश भएको विषयवस्तुको गम्भीरतालाई विचार गर्दा प्रस्तुत रिट निवेदन यथाशीघ्र निरोपण हुन उपयुक्त देखिएकोले निवेदकले माग गरेबमोजिमको आदेश जारी हुनुपर्ने हो होइन भन्ने सम्बन्धमा सबै व्यहोरा खुलाई महान्यायाधिवक्ताको कार्यालयमार्फत् मिति २०६९।११।२२ सम्ममा लिखित जवाफ पेश गर्नु भनी विपक्षीहरूमध्ये १, २ र ३ का हकमा यो आदेश र रिट निवेदनको १ प्रति नक्कल साथै राखी सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाई दिनु र विपक्षी नं. ४ का हकमा आफैं वा कानूनबमोजिमको प्रतिनिधिमार्फत् लिखितजवाफ पेश गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपि साथै राखी सूचना पठाई प्रस्तुत रिट निवेदन पूर्ण सुनुवाइको लागि मिति २०६९।११।२४ को पेशी तोकी नियमानुसार पेश गर्नू।

इति संवत् २०६९ फागुन १३ रोज १ शुभम्

**सर्वोच्च अदालतबाट भएका सबै निर्णयहरु सर्वोच्च अदालतको**
**website: supremecourt.gov.np**
**बाट पनि सीधै हेर्न र डाउनलोड गर्न सकिने छ ।**